महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१


सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८०।८१
च.नं. : 986

मिति : २०८१।२।१३

विषय : वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरणउपर लेखापरीक्षण प्रतिवेदन		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति**	९
	खण्ड-१: प्रदेश मन्त्रालय र निकाय	
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२४
	४. आर्थिक मामिला मन्त्रालय	२६
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३५
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३८
	७. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	४२
	८. सामाजिक विकास मन्त्रालय	४९
	९. प्रदेश नीति तथा योजना आयोग	५४
	१०. प्रदेश लोक सेवा आयोग	५७
	११. मुख्य न्यायाधिवक्ताको कार्यालय	५८
	खण्ड-२: स्थानीय तह	५९
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति**	६५
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार**	६७
	अनुसूचीहरू	७१

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना तथा असल अभ्याससमेतको आधारमा प्रदेश सरकारका निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौतासमेत विनियोजन, राजस्व, धरौटी, र अन्य कोषहरूको लेखापरीक्षण सम्पन्न गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारतर्फ यो छैटौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ ।

यो वर्ष जोखिम सूचकका आधारमा विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत् लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ । लेखापरीक्षणको गुणस्तर कायम गर्न एवं प्रदेशगत रुपमा प्रतिवेदनमा एकरुपता कायम गर्ने प्रयास गरिएको छ। लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृतलगायत सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव समेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगसमेत १६१ निकायको रू.३९ अर्ब ४३ करोड ९८ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भई रू.३७ करोड ६३ लाख ९१ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु ०.९५ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको २.५८ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद नाघेको पेश्कीलाई लगती बेरुजु कायम गरिएको छ ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, संगठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा संघीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वर्षेनी वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भईरहेको, संगठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न नसकेको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा

प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचानबेगर सामान खरिद भएको तर उपयोग हुन नसकेको देखिन्छ।

लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो । कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षण वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत् सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका ५ प्रतिवेदन मध्ये ३ प्रतिवेदन प्रदेश लेखा समितिमा छलफल हुन बाँकी रहेको छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रती आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत १६१ निकायको २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १३० निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ३१ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत लेखापरीक्षण गरिएको छ ।

यसका अलवा लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर निकायबाट प्राप्त

जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

आर्थिक तथा सामाजिक क्षेत्र लेखापरीक्षण विभाग

पत्र संख्या: २०८०।८१
चलानी नम्बर: 668

मितिः २०८१।२।७

श्री सचिवज्यू,
आर्थिक मामिला मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषयः एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

१. कैफियत सहितको राय- हामीले सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, प्राप्ति भुक्तानीको वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, प्राप्ति भुक्तानीको वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससगँ सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको प्रदेश सरकारको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार-

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.२७ करोड ६६ लाख ५१ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.३ करोड ४६ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड ३२ लाख ६८ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ८१ लाख ३२ हजार र पेश्की बाँकी रू.१४ करोड ५ लाख ६९ हजार रहेको छ । यसैगरी समिति तथा अन्य संस्थातर्फ रू.९ करोड ९७ लाख ४० हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रू.२ करोड २६ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६४ लाख १९ हजार र नियमित गर्नुपर्ने रू.३ करोड ६१ लाख ९४ हजार, शोधभर्ना गर्नुपर्ने रू.९९ लाख ९५ हजार र पेश्की बाँकी रू.४४ लाख ५१ हजार रहेको छ।

२.२. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

२.३. प्रदेश सरकारको स्रोतबाट समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान बापत ८८ स्थानीय तहलाई रू.१ अर्ब २६ करोड ८२ लाख ७४ हजार वित्तीय हस्तान्तरण तथा खर्च गरेको उल्लेख छ। यसरी वित्तीय हस्तान्तरण भएको कूल रकम मध्ये खर्च पश्चातको बाँकी रकम सञ्चित कोष फिर्ताको अभिलेख राखेको छैन ।

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रक कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ । मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटीका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी याथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा याथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटि एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(वैकुण्ठ बहादुर अधिकारी)
उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	रकम (रू. हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १ समेत)	१४३	३४९७६२०९
२.	समिति र अन्य संस्था	१८	४४६३६९०
	जम्मा	**१६१**	**३९४३९८९९**

यो वर्ष १४३ प्रदेश मन्त्रालय तथा निकायको रू.३४ अर्ब ९७ करोड ६२ लाख ९ हजार, अन्य संस्था तथा समितितर्फ १८ निकायको रू.४ अर्ब ४६ करोड ३६ लाख ९० हजार समेत रू.३९ अर्ब ४३ करोड ९८ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण अनुसूची-१, १(क), २ र ३ मा उल्लेख छ।

१.१. प्रदेश मन्त्रालय तथा निकाय - यो वर्ष १४३ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम (रू. हजारमा)
१.	विनियोजन खर्च	२०६९२४१०
२.	राजस्व	९३८१७४६
३.	धरौटी	२५८३९८४
४.	अन्य कारोबार	२३१८०६९
	जम्मा	**३४९७६२०९**

नोटः उल्लिखित लेखापरीक्षण अङ्कमा आर्थिक वर्ष २०७७।७८ मा बक्यौता रहेको शहरी विकास तथा भवन निर्माण कार्यालय, डोटीको लेखापरीक्षण यो वर्ष सम्पन्न भएकोमा उक्त रकम समेत समावेश गरिएको छ।

लेखापरीक्षण रकमको विवरण अनुसूची-२ मा उल्लेख छ।

१.२. समिति तथा अन्य संस्था - यो वर्ष समिति तथा अन्य संस्था १८ को रू.४ अर्ब ४६ करोड ३६ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची ३ र ४ मा समावेश छ । लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति परिच्छेद-३ को मन्त्रालय तथा नियकायगत व्यहोरामा समावेश छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. शीर्षकगत खर्च - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ :

(रकम रू. हजारमा)

क्र.सं.	शीर्षक/क्षेत्र	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		
				बजेट अनुमान	यथार्थ खर्च	खर्च प्रतिशत
१.	चालु खर्च	१०३५२७८४	८९२५३००	१२३०००९२	८२४८५७९	६७.०६
२.	पूँजीगत खर्च	१२४९०७२२	११९५२०५९	२४२३३७७२	१५८१४५१६	६५.२६
३.	वित्तीय व्यवस्था	०	०	३०००००	०	०
	जम्मा	**२२८४३५०६**	**२०८७७३५९**	**३६८३३८६४**	**२४०६३०९५**	**६५.३३**

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल चालु र पूँजीगत खर्च मध्ये रकमको आधारमा बढी खर्च गर्ने मन्त्रालय र अन्य निकायको खर्च विवरण निम्नानुसार छः

(रकम रू.हजारमा)

क्र. सं.	निकाय	बजेट			यथार्थ खर्च			बजेटको तुलनामा खर्च प्रतिशत
		चालु तर्फ	पूँजीगत तर्फ	जम्मा	चालु तर्फ	पूँजीगत तर्फ	जम्मा	
१	प्रदेश सभा सचिवालय	२९६९७२	१२८५१	३०९८२३	१३०१३१	१२१४४	१४२२७५	४५.९२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२५३६८१	७९६०६	३३३२८७	१८४१३९	३९२६९	२२३४०८	६७.०३
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१३९०१४	३३५८२६	४७४८४०	७९४९७	२२७८९२	३०७३८९	६४.७४
४	आर्थिक मामिला मन्त्रालय	२२०३८०	४५७०७	२६६०८७	९५५४२	३००६४	१२५५८८	४७.२०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१०६९९३४	१४६७१६२	२५३७०९६	७७०७०९	१२१९६ ४४	१९९०३५३	७८.४५
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२६९७७९६	३४७२१०	३०४५००६	२०७०१४१	२२६४०९	२२९६५५०	७५.४२
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	५३२०८२	१७८२४६७७	१८३५६७५९	३७९७०४	१२०३९६२८	१२४१९३३२	६७.६६
८	सामाजिक विकास मन्त्रालय	४०४१७२८	२८२०९६६	६८६२६९४	३१९७९८०	२०१२१३५	५२१०११५	७५.९२
९	प्रदेश लोकसेवा आयोग	९२२०८	७०८०	९९२८८	५२४५८	६३५०	५८८०८	५९.२३
१०	प्रदेश नीति तथा योजना आयोग	३०४०१	११००	३१५०१	२००२२	९८१	२१००३	६६.६७
जम्मा		**९३७४१९६**	**२२९४२१८५**	**३२३१९३८१**	**६९७८२५२**	**१५८१४५१६**	**२२७९४८२१**	७०.५४
अर्थ वित्तीय व्यवस्था								
११	अर्थ विविध	१४४७४४५	१२९१५८७	२७३६०३२	०	०	०	०.००
१२	स्थानीय तह	१४७८४५०	०	१४७८४५०	१२६८२७४	०	१२६८२७४	८५.७८
१३	अर्थ - वित्तीय व्यवस्था	३०००००	०	३०००००	०	०	०	०.००
	जम्मा	**३२२५८९६**	**१२९१५८७**	**४५१४४८३**	**१२६८२७४**	**०**	**१२६८२७४**	२८.०९
	कुल जम्मा	**१२६०००९२**	**२४२३३७७२**	**३६८३३८६४**	**८२४८५७९**	**१५८१४५१६**	**२४०६३०९५**	**६५.३३**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रू.८ अर्ब २४ करोड ८५ लाख ७९ हजार अर्थात् विनियोजनको ६७.०६ प्रतिशत र पूँजीगततर्फ रू.१५ अर्ब ८१ करोड ४५ लाख १६ हजार अर्थात् विनियोजित बजेटको ६५.२६ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रू.३६ अर्ब ८३ करोड ३८ लाख ६४ हजार मध्ये ६५.३३ प्रतिशत अर्थात् रू.२४ अर्ब ६ करोड ३० लाख ९५ हजार खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रू.१ अर्ब ४७ करोड ८४ लाख ५० हजार व्यवस्था गरेकोमध्ये रू.१ अर्ब २६ करोड ८२ लाख ७४ हजार अर्थात् ८५.७८ प्रतिशत खर्च गरेको छ ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रकम रू. लाखमा)

क्र.सं.	स्रोत	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		गत वर्षको तुलानामा वृद्धि प्रतिशत
				अनुमान	यथार्थ खर्च	
१.	नेपाल सरकार	१०४१२७	९७८६३	१५०४४४	१०६८६२	९.२०
२.	प्रदेश सरकार	१२५५५५	११०९१०	२१७८९५	१३३७६९	२०.६१
	जम्मा	**२२९६८२**	**२०८७७३**	**३६८३३९**	**२४०६३१**	**१५.२६**

यो वर्ष प्रदेश सरकारको कुल खर्च रू.२४ अर्ब ६ करोड ३१ लाख मध्ये नेपाल सरकारको स्रोतबाट रू.१० अर्ब ६८ करोड ६२ लाख अर्थात ४४.४१ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट रू.१३ अर्ब ३७ करोड ६९ लाख अर्थात ५५.५९ प्रतिशत खर्च भएको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको राजश्व अनुमान र प्राप्तिको अवस्था निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को		
				अनुमान	असुली	प्रतिशत
१.	कर राजस्व	७८०८६६४	८८२४५७६	९२५२४१७	८७९२६३४	९५.०३
२.	अन्य राजस्व (बेरुजु निकासा फिर्ता र अनुदान फिर्ता समेत)	७२०२५९	६२४८२६	७५३७८३८	५८९१०४	७.८२
	कुल राजस्व	**८५२८९२३**	**९४४९४०२**	**१६७९०२५५**	**९३८१७३८**	**५५.८८**

२.४.१. गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ५.१९ प्रतिशतले घटेको देखिन्छ। यो वर्ष प्रदेशले प्राप्त गरेको राजस्व रू.९ अर्ब ३८ करोड १७ लाख ३८ हजार रहेको छ। प्रदेश सरकारले वन क्षेत्रको रोयल्टी वापत रू.६ करोड ६१ लाख ३ हजार र सवारी साधन करबाट रू.६६ करोड ५७ लाख १४ हजार असुल गरेकोमा सवारी साधन कर तर्फ रू.३९ करोड ९४ लाख २९ हजार प्रदेश सञ्चित कोषमा आम्दानी देखाएको छ ।

२.४.२. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको रहेको छ। प्रदेशले बनाएको कानुन बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सञ्चित कोषको आर्थिक विवरणमा उल्लेख भए अनुसार घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना समेतबाट यो वर्ष कुल रू.९ अर्ब ३८ करोड १७ लाख ३८ हजार राजस्व असुल गरेको छ । शीर्षकगत राजस्व असुलीको विस्तृत विवरण अनुसूची- ८ मा उल्लेख गरिएको छ।

३. वित्तीय हस्तान्तरण - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र.सं.	अनुदानको विवरण	वार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	७६४०००	७६४०००	१००
२	सशर्त अनुदान	११४४६०	९८२२२	८५.८१
३	विशेष अनुदान	२५००००	२०८३९८	८३.३६
४	समपूरक अनुदान	३५००००	१९७६५४	५६.४७
	जम्मा	**१४७८४६०**	**१२६८२७४**	**८५.७८**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ८८ स्थानीय तहमा रू.१ अर्ब २६ करोड ८२ लाख ७४ हजार उपलब्ध गराएको छ। माथि उल्लिखित हस्तान्तरण रकममा फिर्ता गरेको रकम घटाई खुद प्राप्ति रकमलाई समावेश गरिएको छ।

४. **अन्तरसरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ मा प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत सञ्चालन गर्न आवश्यक देखिएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले संघीय सरकारका ८ कार्यालयलाई रू.१० करोड ५६ लाख ३५ हजार बजेट उपलब्ध गराएकोमा रू ६ करोड २६ लाख ७९ हजार खर्च भएको विवरण पेश भएको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोरा परिच्छेद-३ मा उल्लेख छ । यसको विवरण अनुसूची-१२ मा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यस सम्बन्धी कानुनमा प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेश्कीमा वर्गीकरण गरेको छ ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०७९।८०) फर्स्यौंट गर्नुपर्ने बेरुजु निम्नानुसार रू.३७ करोड ६३ लाख ९१ हजार रहेको छ।

(रकम रू. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल वेरुजूको प्रतिशत
जम्मा बेरुजु	**२७६६५१**	**९९७४०**	**३७६३९१**	**१००%**
१. असुल गर्नुपर्ने	३४६८२	२२६८१	५७३६३	१५.२४%
२. नियमित गर्नुपर्ने				
२.१ अनियमित भएको	३८१३२	३६१९४	७४३२५	१९.७४%
२.२ प्रमाण कागजात पेस नभएको	६३२६८	२६४१९	८९६८८	२३.८२%
२.३ शोधभर्ना नलिएको	०	९९९५	९९९५	२.६७%
३. पेश्की	१४०५६९	४४५१	१४५०२०	३८.५३%

द्रष्टव्यः - *उल्लिखित बेरुजु अङ्कमा आर्थिक वर्ष २०७७।७८ मा बक्यौता रहेको शहरी विकास तथा भवन निर्माण कार्यालय, डोटीको यो वर्ष लेखापरीक्षण भई कायम भएको बेरुजु अंक समेत समावेश गरिएको छ।*

- *उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन।*

बेरुजु वर्गीकरणको विवरण अनुसूची- ९ र १० मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत १६१ निकायको रू.३९ अर्ब ४३ करोड ९८ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रू.३७ करोड ६३ लाख ९१ हजार बेरुजु कायम भएको छ। जुन लेखापरीक्षण अङ्कको ०.९५ प्रतिशत हुन आउँछ।

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १ समेत)	१४३	३४९७६२०९	२७६६५१	०.७९
२.	समिति र अन्य संस्था	१८	४४६३६९०	९९७४०	२.२३
	जम्मा	**१६१**	**३९४३९८९९**	**३७६३९१**	**०.९५**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ गत वर्षको बाँकी रू.२ अर्ब ३९ करोड १९ लाख ६० हजार बेरुजु रहेकोमा यो वर्ष रू.८ करोड ५४ लाख २२ हजार सम्परीक्षण भई रू.२ अर्ब ३० करोड ६५ लाख ३८ हजार बाँकी रहेको र यो वर्षको रू.३७ करोड ६३ लाख ९१ हजार थप भई जम्मा बेरुजु रू.२ अर्ब ६८ करोड २९ लाख २९ हजार रहेको छ।

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
१.	प्रदेश मन्त्रालय तथा निकाय	१९४५४१३	८३९८९	१८६१४२४	२७६६५१	२१३८०७५
२.	समिति र अन्य संस्था	४४६५४७	१४३३	४४५११४	९९७४०	५४४८५४
	जम्मा	**२३९१९६०**	**८५४२२**	**२३०६५३८**	**३७६३९१**	**२६८२९२९**

अद्यावधिक बेरुजुको विवरण अनुसूची -११ मा उल्लेख छ।

४. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१. यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय र समिति तथा अन्य संस्था समेतको रू.३९ अर्ब ४३ करोड ९९ लाखको लेखारीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू.४० करोड ८५ लाख ४२ हजार बेरुजु देखिएको छ। सो मध्ये प्रतिवेदन अवधिसम्म रू.३ करोड २१ लाख ५१ हजार बेरुजु फर्स्यौट गराएबाट रू.३७ करोड ६३ लाख ९१ हजार फर्स्यौट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौट हुन बाँकी कुल रू.२ अर्ब ६८ करोड २९ लाख २९ हजार रहेको छ। यसको विस्तृत विवरण अनुसूची ९, १० र ११ मा छ।

४.२. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ४० मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौट गर्ने दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोवारमा संलग्न पदाधिकारीको हुने व्यवस्था छ । सोही ऐनको दफा ३८ मा औंल्याइएको बेरुजु ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पालना गर्दा समेत २०७९।८० को बेरुजु फर्स्यौट नभएकाले जवाफदेहिता र जिम्मेवारीको पूर्ण परिपालना भएको छैन । तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची -१५ मा समावेश गरिएको छ ।

४.३. सरकारी कार्यालय र अन्य संस्था तथा समिति समेतको यो वर्ष निकायगत रुपमा देखिएको बेरुजु निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र सं	मन्त्रालय / निकायको नाम	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजु प्रतिशत	ले. प. अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	अनियमित भएको	पेश्की	जम्मा		
१	सुदूरपश्चिम प्रदेश सभा सचिवालय	१४२९७०	०	१६७२	०	१६७२	०.४४	१.१७
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश	३८९५२०	९११३	३६१९	०	१२७३२	३.३८	३.२७
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी	५७०५६२	१२५	१०१८	०	११४३	०.३०	०.२०
४	आर्थिक मामिला मन्त्रालय, धनगढी	९४४९३१४	०	३६९	०	३६९	०.१०	०.००४
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, धनगढी	२९८४१५५	३६८५	४०१२२	१२०	४३९२७	११.६७	१.४७
६	भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलय, धनगढी	२४५३७४८	२३९३	२०४५६	३३६०	२६२०९	६.९६	१.०७
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४८८८३६९	१५०९८	४०९३३	१३५१२७	१९११५८	५०.७९	१.२८
८	सामाजिक विकास मन्त्रालय, धनगढी	८४३१५११	२६९४९	६५८१९	६४१३	९९१८१	२६.३६	१.१७
९	प्रदेश लोक सेवा आयोग	१०८२८१	०	०	०	०	०	०
१०	प्रदेश नीति तथा योजना आयोग	२१४६९	०	०	०	०	०	०
	जम्मा	**३९४३९८९९**	**५७३६३**	**१७४००८**	**१४५०२०**	**३७६३९१**	**१००**	**०.९५**

उल्लिखित अवस्थामा भौतिक पूर्वाधार विकास मन्त्रालय सबै भन्दा बढी बेरुजु हुने निकायको रुपमा रहेको र प्रदेश नीति तथा योजना आयोग र प्रदेश लोकसेवा आयोग बेरुजु नहुने निकायको रुपमा रहेको छ।

४.४. यो वर्ष १४३ प्रदेश कार्यालय र १८ अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ५३ कार्यालय (३२.९१ प्रतिशत) मा बेरुजु देखिएन ।

४.५. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १४३ को लेखापरीक्षण गरेकोमा ४९ कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १८ को लेखापरीक्षण गरेकोमा ४ कार्यालयमा लगती बेरुजु देखिएको छैन।

४.६. यो वर्ष १४३ प्रदेश कार्यालयको २ हजार ४१७ दफा बेरुजु कायम रहेकोमा १ हजार ४०३ दफा सैद्धान्तिक र १ हजार १४ दफा लगती बेरुजु कायम भएको छ ।

४.७. प्रदेश सरकारी कार्यालय र अन्य संस्था तथा समिति तर्फको गत वर्षसम्मको पेश्की रू.४३ करोड ८ लाख ७१ हजार बाँकी रहेकोमा यो वर्ष रू.२८ लाख ४६ हजार फर्स्यौट भई रू.४२ करोड ८० लाख २५ हजार बाँकी रहेकोमा यस वर्ष रू.१४ करोड ५० लाख २० थप भई रू.५७ करोड ३० लाख ४५ हजार बाँकी रहेको छ । पेश्की बाँकीको अद्यावधिक विवरण अनुसूची-५ मा रहेको छ ।

४.८. सरकारी कार्यालय र समिति तथा अन्य संस्था समेतबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रू.४४ लाख ३८ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.१ करोड १ लाख ३८ हजार र सम्परीक्षणको क्रममा रू.२२ लाख ८३ हजार समेत रू.१ करोड ६८ लाख ५९ हजार असुल भएको छ । यस सम्बन्धी विवरण अनुसूची-६ मा उल्लेख छ ।

४.९. सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ १८ निकायको जम्मा रू.४१ लाख ४३ हजार अग्रिम कर कट्टी नगरेको व्यहोरा औल्याएकोमा असुल गर्न बाँकी छ। यस सम्बन्धी विवरण अनुसूची-७ मा उल्लेख छ ।

४.१०. प्रदेशको पहिलो प्रतिवेदन २०७५ मा बुझाएको थियो। प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेश्की बाहेकको बेरुजु	पेश्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२६१९०५	५९५९	२.२८	५९५९	२.२८
दोस्रो २०७७	२०७५।७६	२२८२४८६८	८८२८७४	३.८७	४९२७८७	२.१६
तेस्रो २०७८	२०७६।७७	२६७७७६१०	५७५१५७	२.१५	४३०१०१	१.६१
चौथो २०७९	२०७७।७८	३५४९७८४५	७७२४८१	२.१८	४८४२१२	१.३६
पाचौं २०७९	२०७८।७९	३५६२०३६१	९१९५७३	२.५८	८२२०५१	२.३१
छैटौं २०८१	२०७९।८०	३९४३९८९९	३७६३९१	०.९५	२३१३७१	०.५९

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने कार्यमध्ये प्रदेश सरकारका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना बेगर नै खरिद कार्य सञ्चालन गर्ने, सम्झौता अनुसारको तोकिएको समयमा काम सम्पन्न नगर्ने, मालसामान वा निर्माण कार्यको उच्चतम प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी प्याकेज नबनाउने, कतिपय कार्यमा त्रुटी सुधार गर्ने अवधिसम्म बहाल नरहने जमानत लिने, कार्यालयबाटै हुन सक्ने कार्यका लागि समेत परामर्शदाता माथि निर्भर रहने, पूर्बानुमान गर्न सकिने काममा पनि भेरिएसन आदेशबाट थप काम गराउने, भेरिएसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण तोकिएको समयमा काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता बमोजिम काम शुरु नगर्ने, बीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल नगर्ने, फरक सूचकांक प्रयोग गरी मूल्यवृद्धि बढी भुक्तानी दिने र निर्माणस्थलको तयारी बेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको देखिएको छ ।

यसैगरी नर्म्स बेगर परामर्श सेवाको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद गर्ने, उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, पेश्की दिएको लामो अवधिसम्म पनि काम शुरु नगर्ने, प्रगतिको आधारमा पेश्की फछ्यौंट नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, धरौटी रकम फिर्ता गर्दा कर चुक्ता प्रमाण र मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर फिर्ता दिने गरेको देखिएको छ । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना गरी कार्यसम्पादन गर्नुपर्दछ।

२. **संगठन र कर्मचारी व्यवस्थापन** - सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ मा प्रदेश दरवन्दीका रिक्त पदहरू पूर्ति गर्नुपर्ने व्यवस्था छ। प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहतका कार्यालयमा कुल २ हजार ६९० स्थायी र ४५८ अस्थायी समेत गरी कुल ३ हजार १४८ अन्तरिम दरबन्दी स्वीकृत भएकोमा १ हजार ६०८ स्थायी पदपूर्ति भएको छ। रिक्त दरबन्दी पदपूर्ति नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव परेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३३ (१) मा प्रदेश तहका सबै सरकारी निकायहरूले आफ्नो र अर्न्तगतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। दफा ३३(३) मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधिमा एकरुपता ल्याउन प्रदेश आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गर्न सक्ने व्यवस्था छ । ऐनको दफा ३३(२) मा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यवस्था छ। ऐनको उक्त व्यवस्था अनुसार मन्त्रालय र मातहतका सबै कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी

लागू गरेको छैन भने आर्थिक मामिला मन्त्रालयले निर्देशिका र मापदण्ड जारी गरेको पाइएन। उक्त व्यहोरा अनुसार सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन गरेको देखिएन। आन्तरिक नियन्त्रण प्रणाली मूल्यांङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदनमा औल्याएका व्यहोरा कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको स्थिति देखियो। ऐनको व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५२ देखि ५७ सम्म वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । सो अनुसार विनियोजित बजेट उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख, मन्त्रालयको हकमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। यो वर्ष रू.३६ अर्ब ८३ करोड ३९ लाख बजेट विनियोजनमध्ये रू.२४ अर्ब ६ करोड ३१ लाख अर्थात ६५.३३ प्रतिशत खर्च भएको छ । त्यस्तै अर्थ विविध अन्तर्गत भैपरी आउने विकास कार्यक्रमतर्फ रू.२ अर्ब ७३ करोड ६० लाख बजेट विनियोजन भएकोमा खर्च भएको छैन। प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरिएका कार्यक्रम सञ्चालन गरी तोकिएको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको पूर्ण पालना हुनुपर्दछ ।

५. **नीति तथा कार्यक्रम** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयहरूलाई प्राप्त कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकार गठन भएको ५ वर्ष भन्दा बढी अवधिमा प्रदेश स्तरमा आर्थिक नीतिको तर्जुमा कार्यान्वयन र नियमन, सार्वजनिक सेवा वितरण र गुणस्तर मापदण्ड निर्धारण, स्थानीय तहका कर्मचारीहरूको कानुन तर्जुमा, कार्यसम्पादन करारको कार्यान्वयन, मन्त्रालयगत एकीकृत तथ्याङ्क केन्द्रको स्थापना, विद्यालयहरूको पाठ्यक्रम सुधार, प्रदेश प्रहरी सञ्चालन लगायतका कार्यहरू हालसम्म गरेको देखिएन । नीति तथा कार्यक्रममा समाबेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ ।

६. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पी एल एम बी आई एस) मा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्ताबित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । तर उल्लिखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट बिनियोजन भएको सम्बन्धित मन्त्रालय र कार्यालयको लेखापरीक्षणबाट देखिएको छ । योजना तर्जुमा गर्ने

विधिवत प्रकृयाभन्दा फरक गरी मातहतका औपचारिक संयन्त्र प्रयोग नगरी सोझै छनौट गरी बजेट व्यवस्था भएका योजना तथा कार्यक्रमहरू दिगो तथा वास्तविक नागरिकका मागमा आधारित र लाभ लागतका आधारमा मनासिब छन भन्न सकिने अवस्था देखिदैन । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित तालुक निकाय लगायत सम्बद्ध पक्षको ध्यान जानु पर्दछ ।

७. **चौमासिक खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम बजेट तथा कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार स्थानीय तहलाई गएको वित्तीय हस्तान्तरणको रकमबाहेक पूँजीगततर्फ वार्षिक रू.१५ अर्ब ८१ करोड ४५ लाख निकासा खर्च भएकोमा प्रथम चौमासिकमा रू.९६ करोड ३ लाख, दोस्रो चौमासिकमा रू.३ अर्ब ७६ करोड ८७ लाख र तेस्रो चौमासिकमा रू.११ अर्ब ८ करोड ५४ लाख खर्च गरेको छ । यसरी नै तेस्रो चौमासिकमा कुल पूँजीगत खर्चको ७० प्रतिशत र आषाढ महिनामा मात्र ३८ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तमा बढी खर्च भएको देखियो । वर्षान्तमा छोटो समयमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आवधिक रुपमा नगद योजना तयार गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च व्यवस्थापन हुनुपर्दछ ।

८. **रकमान्तर -** विनियोजन ऐन, २०७९ को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकम सार्न सकिने व्यवस्था छ । प्रदेश कोष लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष प्रदेशअन्तर्गतका विनियोजन भएको रू.३६ अर्ब ८३ करोड ३९ लाख मध्ये चालुतर्फ रू.३ अर्ब ५ करोड ८७ लाख रकमान्तर भई थप र रू.३ अर्ब १४ करोड ७७ लाख घट तथा पूँजीगततर्फ रू.७ अर्ब ५९ करोड ११ लाख रकमान्तर भई थप र रू.७ अर्ब ५० करोड २१ लाख घट गरी अन्तिम बजेट रू.३६ अर्ब ८३ करोड ३९ लाख कायम भएको छ । विनियोजित बजेटमा हुने ठूलो अंशको रकमान्तरले विनियोजन कुशलता कायम भएको छैन । विनियोजन ऐनले तोकेको सीमाभित्र रही बजेट परिचालन हुनुपर्दछ ।

९. **संघीय अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार २०७९।८० मा नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान रू.१५ अर्ब ४ करोड ४४ लाख बजेट अनुमान भएकोमा रू.१४ अर्ब ३३ करोड ९७ लाख अर्थात् ९५.३२ प्रतिशत यथार्थ प्राप्त भएको र सो मध्ये रू.११ अर्ब ७७ करोड ४३ लाख अर्थात् ७८.२६ प्रतिशत खर्च भएको देखियो । सशर्त, विशेष र समपूरक अनुदानको रूपमा प्राप्त भएको अनुदानमध्ये रू.२ अर्ब ५६ करोड ५४ लाख खर्च नभई संघीय सञ्चित कोषमा फिर्ता दाखिला भएको छ । प्रदेश सरकारले स्वीकृत बजेटसमेत खर्च गर्न नसकेको देखिँदा कार्यसम्पादन स्तरमा सुधार गरी खर्च क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

१०. **स्थानीय तह अनुदान -** स्थानीय तहलाई दिइने अनुदानमध्ये कार्यविधि बमोजिम समपुरक र विशेष अनुदान सशर्त हस्तान्तरण हुने र समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले

निर्धारण गरे अनुसारको सुत्रबमोजिम हस्तान्तरण हुने गरेको छ । यो वर्ष प्रदेशस्थित ८८ स्थानीय तहरूलाई वित्तीय समानीकरण अनुदानतर्फ रू.७६ करोड ४० लाख, समपुरक अनुदानतर्फ रू.१९ करोड ७६ लाख ५४ हजार, सर्शत अनुदानतर्फ रू.९ करोड ८२ लाख २२ हजार र विशेष अनुदानतर्फ रू.२० करोड ८३ लाख ९८ हजार समेत रू.१ अर्ब २६ करोड ८२ लाख ७४ हजार वित्तीय हस्तान्तरण गरेको छ । कार्यक्रमको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

११. **अन्तरसरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ मा प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत सञ्चालन गर्न आवश्यक देखिएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको तर नेपाल सरकारका संघीय निकायहरूमार्फत सञ्चालन भई यो वर्ष रू.१० करोड ५६ लाख ३५ हजारको अख्तियारी दिई रू.६ करोड २६ लाख ७९ हजार खर्च भएकोमा अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । प्रदेश विनियोजन ऐन अनुसार बजेट परिचालन हुनुपर्दछ ।

१२. **अनुगमन तथा मूल्याङ्कन** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई तोकिएको छ । प्राप्त विवरणअनुसार यो वर्ष अनुगमन तथा मूल्याङ्कन बापत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट रू.२१ लाख समेत समग्र प्रदेशका निकायहरूबाट रू.९ करोड ५४ लाख ७० हजार खर्च गरेको छ । यसका अतिरिक्त सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी समेतबाट विभिन्न निकायहरूले अनुगमन तथा मूल्याङ्कन मा खर्च हुने गरेको छ । प्रदेशअन्तर्गत संचालित योजना तथा कार्यक्रम अनुगमन गरेको अभिलेखाङ्कन तथा प्रतिवेदन राखेको छैन । अनुगमन प्रणालीलाई नतिजामूलक बनाउन अभिलेखाङ्कन र पृष्ठपोषणको पक्षलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३. **आवधिक योजनाको कार्यान्वयन–** प्रदेशको प्रथम आवधिक योजना २०७८।७९-२०८२।८३ मा योजना अवधिको अन्त्यसम्म हासिल हुनेगरी प्रदेशको आत्मनिर्भरताका २१ सूचक र समृद्धिका २० सूचकहरू निर्धारण गरेको छ । आर्थिक मामिला मन्त्रालयबाट प्रकाशन भएको यो वर्षको आर्थिक सर्वेक्षणका तथ्याङ्कहरू आवधिक योजनाले तय गरेका सूचकहरू मापन हुनेगरी प्रकाशन भएको छैन । आवधिक योजनाले तय गरेका सूचक हासिल हुनेगरी मध्यमकालीन खर्च संरचनामा उल्लिखित "**आत्मनिर्भरता र समृद्धि**" का सूचकहरू तय गरी सोही आधारमा वार्षिक बजेट तयार हुनुपर्नेमा मध्यमकालीन खर्च सरंचना २०७८।७९-२०८०।८१ मा "**समृद्ध नेपाल र सुखी नेपाली**" को राष्ट्रिय लक्ष्यलाई नै प्रादेशिक लक्ष्य तथा गन्तव्यको रूपमा लिई सूचक निर्धारण गरेको छ । प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटको नीति, प्राथमिकता, रणनीति र सूचकहरूमा एकरुपता कायम गर्दै आवधिक योजनाको प्रगति अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली व्यवस्थित हुनुपर्दछ ।

१४. **कार्य जिम्मेवारी-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशका ७ मन्त्रालयहरूको कार्य विभाजन गरिएको छ । नियमावलीमा उल्लिखित कार्यहरू मध्ये प्रदेशस्तरमा सार्वजनिक सेवाको

न्यूनतम मापदण्ड निर्धारण गर्ने, भूमि व्यवस्थापन तथा भूमि प्रशासन सम्बन्धी प्रादेशिक नीति कानुन तथा मापदण्ड तर्जुमा गर्ने, गुठि जग्गा व्यवस्थापन सम्बन्धी नीति कानुन तथा मापदण्ड तर्जुमा गर्ने, प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति तर्जुमा र कार्यान्वयन गर्ने, पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्राहलय तथा सांस्कृतिक धरोहर सम्बन्धी नीति कानुन मापदण्ड तर्जुमा गर्ने, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा गर्ने, सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने, प्रदेश स्तरका सरकारी निकायको व्यवस्थापन परीक्षण, प्रदेश सरकारको मानव संसाधन योजना तयार गर्ने लगायतका कार्यहरू कार्यान्वयनमा आएको छैन। नियमावलीले तोकेका विषयहरू कार्यान्वयन गर्नुपर्दछ।

१५. **प्रादेशिक विकास समस्या समाधान समिति -** प्रदेश स्तरमा रहेका विकास सम्बन्धी समस्या समाधान गर्ने प्रयोजनार्थ यो समितिको गठन भएको हो । यो समितिको बैठक प्रत्येक त्रैमासिक अवधि समाप्त भएपछि अर्को महिनाको अन्तिम हप्ताभित्र बस्ने र विभिन्न निकायबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गरी अनुगमन समेत गर्ने व्यवस्था रहेको छ ।यस वर्ष समितिको बैठक बसेको देखिएन। प्रदेशको साझा समस्या समाधान गर्न र विकासका गतिविधिहरूलाई व्यवस्थित गर्न समितिको नियमित बैठक बसी निर्णय कार्यान्वयनको सम्बन्धमा अनुगमन समेत हुनुपर्दछ ।

१६. **प्रदेश समन्वय परिषद् –** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष परिषद्को १ बैठकमा राजस्व क्षमता अभिवृद्धि, नदिजन्य पदार्थको रोयल्टी, समायोजित कर्मचारीको वृति विकास, वित्तीय हस्तान्तरणमा भएका आयोजनाको प्रभावकारी कार्यान्वयनजस्ता ११ निर्णय भएकोमा नदिजन्य पदार्थ बिक्रीबाट प्राप्त रोयल्टीको बाँडफाँड, राजस्व क्षमता अभिवृद्धिजस्ता विषयमा देखिएका समस्या समाधान भएको छैन । परिषदले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ।

१७. **दिगो विकास लक्ष्य-** आयोगले दिगो विकासका लक्ष्यहरूको आधार सूचकांक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्नुपर्नेमा गरेको छैन भनि गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत रहेको छ । दिगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी अनुगमन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी योजना कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्नुपर्दछ ।

१८. **आयोजना वर्गीकरण र आयोजना बैंक -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १९ मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । प्रदेशले आयोजना वर्गीकरण सहित आयोजना बैङ्क तयार गरेको छैन । तोकिएबमोजिम आयोजना बैक तयार गरी प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याउने योजनालाई प्राथामिकीकरण गरी कार्यान्वयन गर्न आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

१९. **घर जग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ मा प्रत्येक कार्यालयले कार्यालय रहेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, भौतिक पुर्वाधार मन्त्रालय र सामाजिक विकास मन्त्रालय तथा अन्तर्गतका निकायसँग रू.६ करोड १० लाख २८ हजारको जमिन तथा रू.१ अर्ब १५ करोड २३ लाखको भवन संरचना रहेको उल्लेख छ । प्रदेश सरकार अन्तर्गतका निकायहरू कृषि, वन, सिचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्यलगायतका कार्यालयहरूलाई प्राप्त सार्विक संघका कार्यालयहरूको नाममा रहेको सरकारी भवन लगायत सरकारी घरजग्गाको लगत देखिने गरी अभिलेख व्यवस्थित गरेको छैन । प्रदेश सरकार अन्तर्गतका निकायले प्रयोग गरिरहेका सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी अद्यावधिक गर्नुपर्दछ।

२०. **प्रदेश राजधानी –** प्रदेश सभाले २०७५।६।१२ मा कैलाली जिल्लाको गोदावरी नगरपालिकामा प्रदेश राजधानी राख्ने निर्णय गरेकोमा मिति २०७५।१०।१७ मा गोदावरी नगरपालिकाको तेघरीभित्र पर्ने ३० लाख ७ हजार २३७ वर्ग मिटर वन क्षेत्र प्राप्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार गरेको भएतापनि हालसम्म कुनै प्रगति भएको छैन । राजधानी स्थापनाको लागि विस्तृत अध्ययन प्रतिवेदन तयारीको लागि रू.८ लाख २५ हजार खर्च गरेको छ। सोही निर्णयको कारणले हालसम्म प्रदेश सरकारका मुख्य प्रशासनिक भवनहरू समेत बन्न सकेको अवस्था छैन । साथै भाडाका भवन मर्मत तथा अस्थाई संरचनामा वर्षेनी ठूलो रकम खर्च हुने गरेको छ । प्रदेश राजधानीको व्यवस्थापन समयमै गर्नुपर्दछ।

२१. **कार्यक्रमको अनुगमन -** प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा बजेट तथा कार्यक्रम कार्यन्वयनको अवस्था मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७८ मा अनुदान प्राप्त गर्ने संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, मातहतका निर्देशनालय, केन्द्र तथा स्थानीय तहले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्ने व्यवस्था छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा अन्तर्गतका निकायहरूबाट कृषि, पशुपन्छी तथा सहकारी क्षेत्रमा १३ लाख ९३ हजार ५४६ लाभग्राहीलाई यो वर्ष रू.८६ करोड ६१ लाख समेत विगत ५ वर्षको अवधिमा कूल रू.४ अर्ब ५१ करोड ७४ लाख रकम अनुदान उपलब्ध गराएको छ । मन्त्रालय र मातहतबाट वर्षेनी अनुदान उपलब्ध गराउदै आएकोमा अनुदान कार्यक्रमको अनुगमन भएको अभिलेख देखिएन । उद्देश्य विपरीत अनुदानको उपयोग नहुने सुनिश्चितता सहित नागरिकको हित अनुरुप दिगो उपयोग तथा राजस्व योगदान हुने गरी अनुदान वितरण हुनुपर्दछ।

२२. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३५ मा प्रदेश सरकार अन्तर्गतका प्रत्येक कार्यालयको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले चौमासिक रूपमा गर्नुपर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका निकायहरूको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी आर्थिक वर्षको समाप्ति पश्चात एकैपटक आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन जारी भएको छ।

यो वर्ष प्रदेश अन्तर्गतका ९ जिल्ला स्थित कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने बेरुजु रू.३० लाख ५० हजार, नियमित गर्नुपर्ने रू.५७ लाख ८१ हजार र म्याद नाघेको पेश्की बेरुजु रू.१० करोड २२ लाख ९९ हजार समेत कुल रू.११ करोड ११ लाख ३० हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म फर्स्यौंट भएको बेरूजुको विवरण पेश भएन। कानुनमा भएको व्यवस्था अनुसार प्रदेश अन्तर्गतका सबै कार्यालयहरूले चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी सोबाट कायम बेरुजुहरू समयमै फर्स्यौंट गर्नुपर्दछ।

२३. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ३२ र समानुपातिक निर्वाचन प्रणालीबाट २१ गरी जम्मा ५३ सदस्य भएको प्रदेश सभा गठन भएको छ। प्रदेश सभाको कार्यसञ्चालन र व्यवस्थापन गर्न संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भई सञ्चालनमा रहेको छ।

१. **सरकारी कार्यालय** - यस सचिवालयको निम्नानुसार रू.१४ करोड २९ लाख ७० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४०२२२	७०५	२०३५	८	१४२९७०

२. **विधेयक दर्ता तथा पारित** - सुदूरपश्चिम प्रदेश सभाको आर्थिक वर्ष २०७९।८० मा तीन अधिवेशन सम्पन्न भई कुल ४ विधेयक दर्ता भएकोमा सबै पारित भएका छन्। प्रदेश सभाको पहिलो कार्यकालमा कुल ६७ विधेयक पारित भएकोमा दोस्रो कार्यकालको २ अधिवेशन सम्ममा जम्मा ३० बैठक बसी ४ विधेयक समेत हालसम्म ७१ विधेयक पारित भएका छन्।

३. **नीति तथा कार्यक्रम** – प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रममा प्रदेश सभा, विषयगत समिति र सचिवालयका लागि आवश्यक भौतिक संरचना निर्माण गरी काम कारबाहीलाई प्रविधिमैत्री बनाउने र प्रदेश सभा सदस्यका लागि अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिने उल्लेख भएपनि उक्त कार्य भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेख भएका व्यहोरा कार्यान्वयनमा लैजानुपर्दछ।

४. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा उल्लिखित व्यहोरा मध्ये विषयगत समिति तथा संसदीय दलको कार्यालयमा आधुनिक, व्यवस्थित र प्रविधिमैत्री बैठक कक्षको व्यवस्थापन गरिने तथा प्रदेश सभाका माननीय सदस्य र प्रदेश सभा सचिवालयका कर्मचारीको क्षमता अभिवृद्धि गरिने, अन्तर प्रदेश अनुभव आदान प्रदान तथा अभिमुखीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र नगरपालिका प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग गाँउ सभा र नगरसभा सञ्चालन सम्बन्धी दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिने, जनतासँग सभामुख, विधेयक उपर राय सुझाव संकलन गरिने लगायतका कार्यक्रम सञ्चालन भएको देखिएन। बजेट बक्तव्यमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ।

५. **विषयगत समितिहरू** - प्रदेश सभा नियमावली, २०७४ को नियम १४८ मा प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित बनाउन सरकारलाई सभाप्रति उत्तरदायी एवं जवाफदेही बनाउन र सरकारले सम्पादन गरेका काम कारवाहीको अनुगमन एवं मूल्याङ्कन गरी निर्देशन तथा राय सल्लाह दिन प्रदेश सभामा विषयगत समितिहरू रहने व्यवस्था छ। प्रदेश सभाको बैठकलाई सुव्यवस्थित ढंगले सञ्चालन एवम् अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरू समावेश हुने गरी एक कार्य व्यवस्था परामर्श समितिको अतिरिक्त विधायन तथा प्रदेश मामिला समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति, सार्वजनिक लेखा समिति

र सामाजिक विकास समिति गठन भएका छन् । उक्त समितिहरूले ८५ वैठक बसी प्रदेशको राजस्व वृद्धि गर्न वन वातावरण, पर्यटन र उद्योगको क्षेत्रमा दीर्घकालीन योजना तयार गरी बजेट विनियोजन गर्न मन्त्रालयलाई निर्देशन दिएतापनि कार्यान्वयनको अवस्था सम्बन्धी अभिलेख राखि अनुगमन गरेको छैन। समितिहरूले गरेका निर्णयको कार्यान्वयन अवस्था अभिलेख राखी अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

६. **प्रतिवेदनमा छलफल** - नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकले हालसम्म प्रदेश प्रमुख समक्ष पेश भएका पाँच वार्षिक प्रतिवेदनमध्ये दुई प्रतिवेदन प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफलको लागि औपचारिक रुपमा पेश भएको र पहिलो, चौथो र पाचौं प्रतिवेदन सभामा पेश भएको छैन। संवैधानिक निकायले पेश गरेका वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गरी प्रतिवेदन उपर छलफल हुनुपर्दछ।

७. **बरबुझारथ**- प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६ मा जिन्सी सामान पाउने पदाधिकारी तथा सदस्यले आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनभित्र फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्रदेश सभाका ८ सदस्यको कार्यकाल २०७९।५।१७ मा समाप्त भएतापनि रू.७ लाख ८७ हजार बराबरको ल्यापटप तथा कार्यालय सामानहरू फिर्ता हुन बाँकी रहेकोले जिन्सी सामग्रीहरू फिर्ता गर्नुपर्दछ।

८. **योग्यता र मापदण्ड** - प्रदेश सभा सचिवालयको स्वकीय सचिवालयमा नियुक्त कर्मचारीहरूको योग्यता र पदपूर्ति प्रकृया सम्बन्धमा सचिवालयमा कार्यरत कर्मचारीहरूको मापदण्ड तयार गरेको छैन । स्वकीय सचिवालयका लागि यो वर्ष प्रदेश सभामा सभामुख, उपसभामुख विपक्षी दलको नेता मुख्य सचेतक संसद सदस्यका लागि ४ शाखा अधिकृत (१ कानुन अधिकृत सहित) ४१ नायव सुब्बा वा सो सरह २ कम्प्युटर अपरेटर ३ हलुका सवारी चालक ३ कार्यालय सहयोगी गरी कुल ५३ जना कर्मचारीहरूको पारिश्रमिक वापत रु १ करोड ६९ लाख ६ हजार ८११ खर्च लेखेको छ । स्वकीय सचिवालयका कर्मचारीहरूको लागि शैक्षिक योग्यता र पदपुर्ति प्रकृयाको मापदण्ड तयार गर्न उपयुक्त हुने देखिन्छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन –** गत विगतका प्रतिवेदनमा सभामा पेश भएका विद्येयक आवश्यक प्रकृया पुरा गरी पारित नगरेको, ऐनले तोकेको भन्दा बढी सुविधा लिएको, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सभामा छलफल नभएको लगायतका व्यहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** — सरकारी कार्यालयतर्फ यो वर्ष रू.१६ लाख ७२ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय** - कार्यालय र मातहतका समेत २ निकायको सरकारी कार्यालयको निम्नानुसार रू.१६ करोड ४८ लाख २८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१११११३०	२९१	३४३५	४९९७२	१६४८२८

२. **नीति तथा कार्यक्रम** – प्रदेश सभामा प्रस्तुत २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएका मध्ये प्रदेशमा लगानीकर्तालाई आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गर्ने, प्रदेशमा मोनोरेल सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने, प्रादेशिक गौरव एवम् रुपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गर्ने, आन्तरिक आयलाई थप सुदृढ बनाउन राजस्व नीति तर्जुमा गर्ने, सम्बन्धित उद्योगसँगको सहकार्यमा चिनी, आटा, फलाम, माइक्रो हाइड्रोजस्ता उद्योगलाई आवश्यक पर्ने जनशक्ति स्वदेश भित्रै उत्पादन गर्ने, अन्तराष्ट्रिय स्तरमा खेलाडी उत्पादन गर्न खेलकुद प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने, गेटा मेडिकल कलेज सञ्चालनमा नेपाल सरकारसँग साझेदारी गर्ने, प्रदेशभित्रका अटोमेकानिकल वर्कसपलाई व्यवस्थित गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा अटोभिलेज स्थापना गरी कार्यान्वयनमा ल्याइने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन। नीति तथा कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

३. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस कार्यालयको २४ कार्यहरू मध्ये प्रदेशस्तरमा सार्वजनिक सेवाको न्यूनतम मापदण्ड निर्धारण गर्ने, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा गर्ने, सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने, प्रदेश स्तरका सरकारी निकायको व्यवस्थापन परीक्षण गर्ने, प्रदेश सरकारको मानव संसाधन योजना तयार गर्ने लगायतका कार्यहरू कार्यान्वयनमा आएको छैन । नियमावलीले तोकेका विषयहरू कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट कार्यान्वयन** – प्रदेश सरकारले २०७९।८० को बजेट वक्तव्यमा उल्लिखित व्यहोरामध्ये यस कार्यालयसँग सम्बन्धित प्रदेश सरकारको विद्यमान संगठन संरचनालाई समयानुकुल बनाउन विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, प्रदेशमा समायोजन भएका र नयाँ नियुक्त हुने कर्मचारीहरूको एकीकृत प्रदेश कर्मचारी व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने, सरकारी सेवामा नतिजामा आधारित कार्य सम्पादन प्रणाली अवलम्बन गर्ने, अध्ययन अनुसन्धानजस्ता कार्यमा सरकारी तथ्याङ्क प्रयोगमा सहजता ल्याउन खुला तथ्याङ्कको अवधारणा कार्यान्वयनमा ल्याउने, प्रदेशमा लगानी अभिवृद्धि गर्न प्रदेशमा स्थापना हुने सार्वजनिक संस्थानमा शेयर लगानी गर्ने, प्रदेश संरचनाका विभिन्न निकायले प्रयोगमा ल्याएका बजेट आम्दानी र खर्च लेखाङ्कनसम्बन्धी सफ्टवेयरको सिस्टम अडिट गर्ने लगायतका

कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन। बजेट वक्तव्यमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन हुनुपर्दछ।

५. **आवधिक योजनाको कार्यान्वयन –** प्रदेशको प्रथम आवधिक योजना २०७८।७९-२०८२।८३ मा योजना अवधिको अन्त्यसम्म हासिल हुनेगरी प्रदेशको आत्मनिर्भरताका २१ सूचक र समृद्धिका २० सूचकहरू निर्धारण गरेको छ । आर्थिक मामिला मन्त्रालयबाट प्रकाशन भएको यो वर्षको आर्थिक सर्वेक्षणका तथ्याङ्कहरू आवधिक योजनाले तय गरेका सूचकहरू मापन हुनेगरी प्रकाशन भएको छैन । आवधिक योजनाले तय गरेका सूचक हासिल हुनेगरी मध्यमकालीन खर्च संरचनामा उल्लिखित "**आत्मनिर्भरता र समृद्धि**" का सूचकहरू तय गरी सोही आधारमा वार्षिक बजेट तयार हुनुपर्नेमा मध्यमकालीन खर्च सरंचना २०७८।७९-२०८०।८१ मा "**समृद्ध नेपाल र सुखी नेपाली**" को राष्ट्रिय लक्ष्यलाई नै प्रादेशिक लक्ष्य तथा गन्तव्यको रूपमा लिई सूचक निर्धारण गरेको छ । प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटको नीति, प्राथमिकता, रणनीति र सूचकहरूमा एकरुपता कायम गर्दै आवधिक योजनाको प्रगति अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली व्यवस्थित हुनु पर्दछ ।

६. **रकमान्तर** – विनियोजन ऐन, २०७९ को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी रकम सार्न सकिने व्यवस्था छ । प्राप्त विवरणअनुसार यो वर्ष कार्यालय र अन्तर्गतका निकायहरूमा विनियोजन भएको रू.५० करोड ४८ लाख ७० हजारमध्ये चालुतर्फ रू.१२ करोड ८९ लाख ७१ हजार रकमान्तर भई थप र रू.२८ करोड ४ लाख ५१ हजार रकमान्तर भई घट तथा पूँजीगततर्फ रू.७ करोड ९६ लाख ६ हजार रकमान्तर भई थप र रू.७ करोड ९५ लाख रकमान्तर भई घट गरी अन्तिम बजेट रू.३३ करोड ३२ लाख ८७ हजार कायम हुँदा ३७.३१ प्रतिशत थप र ७१.३० प्रतिशत घट रकमान्तर भएको छ। विनियोजित बजेटमा हुने ठूलो अंशको रकमान्तरले विनियोजन कुशलता कायम भएको देखिदैन। विनियोजन ऐनले तोकेको सीमाभित्र रही बजेट परिचालन हुनुपर्दछ ।

(रकम रू. हजारमा)

बजेट	शुरु विनियोजन	कायम बजेट	रकमान्तरबाट (थप)	थप प्रतिशत	रकमान्तरबाट (घट)	रकमान्तरबाट घट प्रतिशत
चालु	४०५१६०	२५३६८०	१२८९७१	३१.८३	(२८०४५१)	६९.२२
पूँजीगत	९९७१०	७९६०६	५९३९६	५९.५७	(७९५००)	७९.७३
जम्मा	५०४८७०	३३३२८७	१८८३६७	३७.३१	(१७१५८३)	७१.३०

७. **निर्णय कार्यान्वयन –** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनको जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई तोकिएको छ । यो वर्ष कार्यालयले २५ बैठकबाट ७० निर्णयहरू गरेकोमा दार्चुला जिल्लाको नौगाड गाउँपालिकाको वडा विभाजन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने र सेती प्रादेशिक अस्पताललाई ३०० शैय्यामा स्तरोन्नति गर्ने लगायतका निर्णय कार्यान्वयन भएका छैनन। मन्त्रिपरिषद्बाट भएका निर्णय कार्यान्वयनको अनुगमन हुनुपर्दछ।

८. **प्रदेश समन्वय परिषद् –** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । कार्यालयको अभिलेख अनुसार यो वर्ष परिषद्को १ बैठकमा राजस्व क्षमता अभिवृद्धि, नदिजन्य पदार्थको रोयल्टी, समायोजित कर्मचारीको वृति विकास, वित्तीय हस्तान्तरणमा भएका आयोजनाको प्रभावकारी कार्यान्वयनजस्ता ११ निर्णय भएकोमा नदिजन्य पदार्थ बिक्रीबाट प्राप्त रोयल्टीको बाँडफाँड, राजस्व क्षमता अभिवृद्धिजस्ता विषयमा देखिएका समस्या समाधान भएको छैन । परिषदले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ।

९. **प्रदेश राजधानी –** प्रदेश सभाले २०७५।६।१२ मा कैलाली जिल्लाको गोदावरी नगरपालिकामा प्रदेश राजधानी राख्ने निर्णय गरेकोमा मिति २०७५।१०।१७ मा गोदावरी नगरपालिकाको तेघरीभित्र पर्ने ३० लाख ७ हजार २३७ वर्ग मिटर वन क्षेत्र प्राप्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार गरेको भएतापनि हालसम्म कुनै प्रगति भएको छैन । राजधानी स्थापनाको लागि विस्तृत अध्ययन प्रतिवेदन तयारीको लागि रू.८ लाख २५ हजार खर्च गरेको छ। समयमा निर्णय नभएको कारणले हालसम्म प्रदेश सरकारका मुख्य प्रशासनिक भवनहरू समेत बन्न सकेको अवस्था छैन । साथै भाडाका भवन मर्मत तथा अस्थाई संरचनामा वर्षेनी ठूलो रकम खर्च हुने गरेको छ । प्रदेश राजधानीको समयमानै व्यवस्था गर्नुपर्दछ।

१०. **संगठन र कर्मचारी व्यवस्थापन –** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ मा संगठन संरचना तयार गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आर्थिक मामिला मन्त्रालयको सहमति लिई मुख्यमन्त्री कार्यालयबाट स्वीकृत हुने व्यवस्था छ । प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, ६ मन्त्रालयसमेत १० निकायको लागि यो वर्ष २ हजार ६९० स्थायी र ४५८ अस्थायी समेत कुल ३ हजार १४८ अन्तरिम दरबन्दी स्वीकृत भएकोमा १ हजार ६०८ स्थायी पदपुर्ति भएको छ । प्रदेश सरकारले अन्तरिम दरवन्दी स्वीकृत गरेकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन। नियमानुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ।

११. **हेलो सि एम कार्यक्रम –** प्रदेश सरकारको सेवा प्रवाहलाई प्रभावकारी बनाई नागरिकप्रति उत्तरदायी शासनको प्रत्याभूति दिने उद्देश्यले यस कार्यालयले हेलो सिएम नामक सूचना प्रविधिमा आधारित गुनासो व्यवस्थापन प्रणाली सञ्चालन ल्याएको छ । यो वर्ष यस प्रणालीमा दर्ता भएका १३६ गुनासोमध्ये ५६ फर्स्यौट भएको छ। गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२. **कार्यक्रम प्रगति –** प्रदेश तथा स्थानीय तहको कार्यक्षमता अभिवृद्धि गरी सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालन भएको छ । यस कार्यक्रमअन्तर्गत यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र मातहतका ईकाइले रू.१९ करोड ७७ लाख ६२ हजार खर्च गरेको छ । कार्यालयबाट प्राप्त कार्यक्रमको प्रगति प्रतिवेदनमा प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ११ क्षेत्रमा ३९२ क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य राखिएकोमा ३०५ क्रियाकलाप अर्थात् ७७ प्रतिशत प्रगति भएको

छ। तय गरिएका कार्यक्रममध्ये प्रदेश मन्त्रालयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने, प्रदेश कार्यालयहरूमा सूचना प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणाली सुदृढ गर्ने, राजस्व रणानीति तथा कार्ययोजना निर्माण गर्ने, स्थानीय तहमा क्षमता अभिवृद्धि कार्ययोजना निर्माण गर्ने लगायतका कार्यहरू सम्पन्न भएको छैन । प्रदेश तथा स्थानीय तहको क्षमता विकासमार्फत संघीय शासन व्यवस्थालाई सबल बनाउने उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुनुपर्दछ।

१३. **नवप्रवर्त्तन साझेदारी कोष –** स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह, स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमअन्तर्गत नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनमा रहेको छ । यस कोषमार्फत यो वर्ष रू.९ करोड ७६ लाख १० हजारसमेत हाल सम्म कुल रू.११ करोड १९ लाख ४० हजार खर्च भएको छ । यो वर्ष छनौट भएका ३ स्थानीय तहमा ३ योजना र गत वर्ष छनौट भएका समेत ९ स्थानीय तहमा ९ योजनाहरू सञ्चालनमा रहेका छन्। उल्लिखित योजनाहरूबाट स्थानीय सेवा प्रवाह, स्थानीय सुशासन तथा स्थानीय आर्थिक विकासमा पुऱ्याएको योगदानको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन हुन सकेको छैन। संचालित कार्यक्रमको अनुगमन गरी कोषको परिचालन गर्नुपर्दछ।

१४. **लागत सहभागिता –** नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा २२ मा कोषबाट संचालित कार्यक्रममा स्थानीय तहको वार्षिक आन्तरिक आय रू.२५ लाखभन्दा माथि भएका स्थानीय तहहरूले योजनाको कुल लागतको ३० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदन अनुसार ७ स्थानीय तहहरूको आन्तरिक आय रू.२५ लाख भन्दा बढी नै रहेको देखिएको अवस्थामा यस कार्यक्रमको कुल लागत रू.११ करोड ३१ लाख १६ हजारको ३० प्रतिशतले हुने रू.३ करोड ३९ लाख ३५ हजार स्थानीय तहको लागत सहभागिता हुनुपर्नेमा रू.२ करोड ४८ लाख ७४ हजार मात्र लागत सहभागिता भएको देखिएकोले पालिकाबाट घटी व्यहोरिएको लागत सहभागिता रू.९० लाख ६१ हजार संघीय सञ्चित कोषमा फिर्ता गरी हिसाब समायोजन गर्नुपर्दछ।

१५. **प्रोत्साहन भत्ता –** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा महंगी भत्ता, स्थानीय भत्ता, पोशाक खर्च, चाडपर्व खर्च बाहेक अन्य भत्ता तथा अतिरिक्त काम गरेबापतको भुक्तानी नदिने उल्लेख छ । प्रदेश सरकार अन्तर्गतका सबै कर्मचारीलाई महंगी भत्ता, स्थानीय भत्ता, चाडपर्व खर्च, पोशाक खर्चका अतिरिक्त प्रोत्साहन भत्ताको रूपमा पारिश्रमिकमा मासिक एकमुष्ठ रू.२ हजार थप गरी यो वर्ष रू.१ करोड २० लाख ९३ हजार खर्च लेखेको छ । प्रदेशको राजस्व संकलन क्षमता र अतिरिक्त कार्यबोझ समेतको आधारमा यस्तो लेख्नु पर्दछ।

१६. **आन्तरिक पर्यटन भ्रमण –** यो वर्ष प्रदेश अन्तर्गत पर्यटन काजबापत भएको भुक्तानीको यकिन विवरण प्राप्त हुन नसकेता पनि स्थायी रूपमा पदपुर्ति भएका १ हजार ६०६ कर्मचारीलाई नजिकैको अर्को २ स्थानीय तहका २ पर्यटकीय स्थलको भ्रमण गरे बापत पुरै महिनाको तलव रकम भुक्तानी गरेको छ। खर्चको प्रमाण संलग्न गर्नुपर्ने सम्बन्धमा स्पष्ट व्यवस्था नहुँदा स्रोतको उद्देश्य अनुरूप उपयोग भएको सुनिश्चत हुन सकिएन । सार्वजनिक स्रोतको उद्देश्य अनुरुप उपयोग हुनु पर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन-** गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये योजना तर्जुमा तथा दिग्दर्शनको पालना नगरेको, प्रदेश राजधानी स्थापनाको निर्णय कार्यान्वयन नगरेको, एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा नगरेको लगायतका व्यहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ती नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष कार्यालय र मातहतका निकायहरूमा देखिएको बेरुजुको स्थिति देहाय अनुसार छन्:

➢ सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रू.९० लाख ८० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.१९ हजार फर्स्यौंट भई रू.९० लाख ६१ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

➢ समिति तथा अन्य संस्था समेत ३ निकायमा यो वर्ष रू.३६ लाख ७१ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सह-प्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालयको निम्नानुसार रू.५७ करोड ५ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०७३८९	९४२	१९९७८	२४२२५३	५७०५६२

२. **नीति तथा कार्यक्रम** - यस मन्त्रालयको २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएका मध्ये सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि अधिकृत देखि माथिका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गर्ने, मन्त्रालय मातहतमा सञ्चालित सबै आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने, मन्त्रालयगत एकीकृत तथ्याङ्क केन्द्र स्थापना गर्ने, प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड योजना तर्जुमा र कार्यान्वयन गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिदैन । नीति तथा कार्यक्रममा उल्लिखित व्यहोराहरू कार्यान्वयन हुनुपर्दछ।

३. **कार्य जिम्मेवारी -** सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लिखित यस मन्त्रालयका ४३ कार्यहरू मध्ये प्रदेश प्रहरी सञ्चालन, गैर सरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय, अन्तर प्रदेश सम्बन्ध, पारिवारिक मामिला, दिगो शान्ति व्यवस्थापन, सत्य निरुपण तथा मेलमिलाप, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन लगायतका कार्यहरू सम्पादन भएको देखिएन। नियमावलीमा उल्लिखित कार्यजिम्मेवारीको कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा उल्लेख भएका प्रदेश स्थित सुरक्षा निकायबाट प्राप्त सूचनालाई व्यवस्थित गर्न सूचना समन्वय कक्षको स्थापना गर्ने, शान्ति, सुरक्षा, अपराध अनुसन्धान, सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि प्रदेशका प्रमुख राजमार्गमा विशेष कार्यक्रम सञ्चालन गर्ने, जातीय विभेद, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानव बेचबिखन र विद्युतीय अपराध विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, कारागारलाई सुधार गृहको रुपमा विकास गर्न कैदी बन्दीका लागि आधारभूत सुविधा स्तरोन्नति गर्दै समय सापेक्ष सीप तथा उद्यम विकास लगायत खेलकुद, संगीत, ध्यान, योग, जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, बेचबिखनमा परेका तथा अन्य यातना पीडितलाई उद्धार गरी पुनर्स्थापना गर्न गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने, चलचित्र निर्माण तथा हल सञ्चालनको अनुमति र नियमन गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। वार्षिक बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

५. **कानुन निर्माण -** मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार मन्त्रालयले हालसम्म सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७, प्रदेश सभा पदाधिकारीहरूको सेवा सुविधा सम्बन्धी ऐन, २०७९ सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वन ऐन, २०७९ लगायतका ५० ऐन, ११ नियमावली, १७ निर्देशिका, कार्यविधि, मापदण्ड र कार्ययोजना तयार गरेकोमा २०७९।८० मा ७ ऐन, २ नियमावली तर्जुमा तथा २४ कानुनको लागि राय परामर्श उपलब्ध गराएको छ।

६. **परामर्श सेवा खरिद -** मन्त्रालयमा मौजुदा जनशक्ति वा प्रदेश सरकार मातहतका सरकारी निकायबाट हुन नसक्ने अवस्थामा मात्र वाह्य परामर्शदाताको सेवा आवश्यकता र औचित्यको आधारमा विश्वसनीय लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्दछ । प्रदेश सञ्चार ग्राम सम्भाव्यता अध्ययन, प्रदेश सूचना प्रविधि ग्राम सम्भाव्यता अध्ययन र बहुप्रकोपीय अध्ययन अनुसन्धान केन्द्रको डी.पी.आर. निर्माण कार्य परामर्शदाताबाट गराई रू.२८ लाख ६६ हजार खर्च गरेकोमा उक्त कार्यको लागत अनुमानको आधार स्पष्ट नभएको र लागत अनुमान बराबर रकममा सम्झौता गरेको देखियो । खरिद कार्य मितव्ययी हुनुपर्दछ।

७. **कोरोना कोष** - सुदूरपश्चिम प्रदेश कोरोना भाईरस (कोभिड - १९) रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६ बमोजिम स्थापना भएको सुदूरपश्चिम प्रदेश कोरोना भाईरस (कोभिड १९) रोगको नियन्त्रण उपचार तथा व्यवस्थापन कोषको सञ्चालन मन्त्रालयले गरेको छ । कोषमा रू.२ करोड ८४ लाख ५९ हजार मौज्दात रहेकोमा यो वर्ष खर्च भएको छैन। कोषमा मौज्दात रहेको रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

८. **कार्य सञ्चालन कोष -** प्रदेश विपद् व्यवस्थापन कोष तथा राहत वितरण निर्देशिका, २०७६ को बुँदा नं. ३(४) मा प्रदेश विपद् व्यवस्थापन कोषमा न्यूनतम रू.५० लाख आवर्ति कोष (रिभल्भिङ फण्ड) को रुपमा मौज्दात राख्ने व्यवस्था छ । मन्त्रालयले उपलब्ध गराएको विवरण बमोजिम २०७८।७९ को अन्त्यमा रू.१८ करोड ७१ लाख ५९ हजार बाँकी रहेकोमा २०७९।८० मा रू.१० लाख थप भई विपद प्रतिकार्य र विपद व्यवस्थापनको लागि राहत स्वरुप रू.४२ लाख वितरण गरी रू.१८ करोड ३९ लाख ५९ हजार बाँकी रहेको देखियो ।

अनुगमन तथा बेरुजु

- **अनुगमन**- गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक कानुन निर्माणको लागि पहल गर्ने, गैर सरकारी संघसंस्थाको दर्ता तथा नवीकरणको लागि कानुन तर्जुमा गर्ने लगायतका व्यहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजु —** सरकारी कार्यालयतर्फ यो वर्ष रू.११ लाख ४३ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची ९ मा रहेको छ ।

आर्थिक मामिला मन्त्रालय

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोत बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन गर्ने र आर्थिक विकासमा सार्वजनिक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग साझेदारी एवम समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाउने र सोको कार्यान्वयन गरी प्रदेशको आर्थिक विकास र प्रभावकारी वित्त व्यवस्थापन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहत समेत ११ सरकारी कार्यालयको निम्नानुसार रू.९ अर्ब ४४ करोड ९३ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१२५५८८	८२२९३१७	६३८६	१०८८०२३	९४४९३१४

२. **नीति तथा कार्यक्रम** - प्रदेशको २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये प्रदेशमा लगानीकर्तालाई आकर्षित गर्न लगानी सम्मेलनको आयोजना गर्ने, प्रदेशमा मोनोरेल सञ्चालन गर्न सम्भाव्यता अध्ययन गर्ने, नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी "**एक स्थानीय तह, एक औद्योगिक ग्राम**" र "**एक जिल्ला एक विशिष्ट उद्योग**" स्थापना कार्यक्रम सञ्चालन गर्ने, प्रादेशिक गौरव तथा रणनैतिक महत्व एवम रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गर्ने र आन्तरिक आयलाई थप सुदृढ बनाउन राजस्व नीति तर्जुमा गर्ने लगायतका व्यहोरा कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित यस मन्त्रालयका २४ कार्यहरूमध्ये प्रदेश स्तरमा आर्थिक नीतिको तर्जुमा कार्यान्वयन र नियमन, आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेश राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन, राजस्व चुहावट नियन्त्रणसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन, बीमा र बीमा व्यवसायको सञ्चालन व्यवस्थापन र प्रवर्द्धन तथा विस्तार र नियमन, प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन जस्ता कार्यहरू कार्यान्वयनमा आएको देखिएन । नियमावलीमा उल्लिखित कार्य जिम्मेवारीको कार्यान्वयन हुनुपर्दछ ।

४. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा उल्लिखित व्यहोराहरूमध्ये सरकारी तथ्याङ्कको प्रयोगमा सहजता ल्याउन खुला तथ्याङ्कको अवधारणा कार्यान्वयन गर्ने, आन्तरिक आयलाई थप सुदृढ बनाउन राजस्व नीति तर्जुमा र कार्यान्वयन गर्ने, एउटै व्यक्ति, फर्म वा संस्थालाई दोहोऱ्याएर अनुदान नदिने कुराको मार्गदर्शन गर्ने गरी एकीकृत अनुदान नीति तर्जुमा गर्ने, प्रदेश संरचनाका विभिन्न निकायले प्रयोगमा ल्याएका बजेट आम्दानी र खर्च लेखाङ्कनसम्बन्धी सफ्टवेयरको सिस्टम अडिट गर्ने, राजस्वको परिचालन, लेखाङ्कन, बाँडफाँड र प्रतिवेदन गर्न क्षमता अभिवृद्धि सहितका कर प्रणाली सुधारका कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई थप

व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित योजना छनोट प्रणाली कार्यान्वयनमा ल्याउने लगायतका कार्यहरू कार्यान्वयन भएको छैन। बजेटमा समावेश भएका व्यहोराहरूको कार्यान्वयन गर्नुपर्दछ ।

५. **रकमान्तर-** सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा तोकिएको निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकम सार्न सकिने व्यवस्था छ । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष प्रदेशअन्तर्गत विनियोजन भएको रू.३६ अर्ब ८३ करोड ३९ लाख मध्ये चालुतर्फ रू.३ अर्ब ५ करोड ८७ लाख अर्थात ८.३ प्रतिशत रकमान्तर भई थप र रू.३ अर्ब १४ करोड ७७ लाख अर्थात ८.५४ प्रतिशत रकमान्तर भई घट तथा पूँजीगततर्फ रू.७ अर्ब ५९ करोड ११ लाख अर्थात २०.६० प्रतिशत रकमान्तर भई थप र रू.७ अर्ब ५० करोड २१ लाख अर्थात २०.३७ प्रतिशत रकमान्तर भई घट गरी अन्तिम बजेट रू.३६ अर्ब ८३ करोड ३९ लाख कायम भएको छ। विनियोजित बजेटमा भएको ठूलो अंशको रकमान्तरले विनियोजन कुशलता कायम भएको देखिएन। विनियोजन ऐनले तोकेको सीमाभित्र रही बजेट परिचालन हुनुपर्दछ।

६. **चौमासिक खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम बजेट तथा कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार स्थानीय तहलाई गएको वित्तीय हस्तान्तरणको रकमबाहेक पूँजीगततर्फ वार्षिक रू.१५ अर्ब ८१ करोड ४५ लाख निकासा खर्च भएकोमा प्रथम चौमासिकमा रू.९६ करोड ३ लाख, दोस्रो चौमासिकमा रू.३ अर्ब ७६ करोड ८७ लाख र तेस्रो चौमासिकमा रू.११ अर्ब ८ करोड ५४ लाख खर्च गरेको छ । यसरी नै तेस्रो चौमासिकमा कुल पूँजीगत खर्चको ७० प्रतिशत र आषाढ महिनामा मात्र ३८ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तमा बढी खर्च भएको देखियो । वर्षान्तमा छोटो समयमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आवधिक रुपमा नगद प्रवाह योजना तयार गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च व्यवस्थापन हुनुपर्दछ ।

७. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २३ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम तेस्रो त्रैमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम बैशाख पन्ध्रभित्र आर्थिक मामिला मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । बैशाख पन्ध्रभित्र समर्पण नभएको अवस्थामा आर्थिक मामिला मन्त्रालयबाट सर्मपणको लागि लेखी आएमा लेखाउत्तरदायी अधिकृतले ७ दिनभित्र त्यस्तो रकम समर्पण गर्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष विभिन्न ६३ निकायले रू.८६ करोड ६३ लाख ७६ हजार बजेट समर्पण गरेकोमा २६ निकायबाट रू.३५ करोड २६ लाख ८४ हजार आर्थिक वर्षको तेस्रो त्रैमासिक अर्थात् चैत मसान्तसम्म खर्च गर्ने प्रयास नगरी फागुन मसान्त अगाबै समर्पण गरेको छ । पौष महिनामा १७ निकायबाट रू.३१ करोड ९६ लाख ६१ हजार बजेट समर्पण भएको छ । त्यसैगरी ३६ निकायको रू.५१ करोड २२ लाख ४२ हजार बजेट बैशाख पन्ध्रपश्चात समर्पण गरेको छ । असार महिनामा १२ निकायको रू.१५ करोड ४४

लाख ६६ हजार बजेट समर्पण भएको छ । आर्थिक वर्षको पहिलो ६ महिनाभित्रै बजेट समर्पण गर्नुले बजेट विनियोजन कमजोर हुनु र असार महिनामा आएर बजेट समर्पण गर्दा अन्यत्र खर्च हुने सम्भावनासमेत नहुनुले बजेट विनियोजन तथा परिचालन प्रभावकारी रहेको देखिएन। बजेट विनियोजन तथा परिचालनमा मन्त्रालयको भूमिका प्रभावकारी हुनुपर्दछ ।

८. **बजेट सीमा र तर्जुमा** – सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा बजेट तथा स्रोत अनुमान समितिले निर्धारण गरेको आगामी आर्थिक वर्षको बजेट सीमाभित्र रही जिल्ला स्तरीय र प्रदेश निर्वाचन क्षेत्र स्तरीय योजना तर्जुमा गोष्ठीबाट छनोट र प्राथमिकीकरणमा परेका योजनाहरूमा बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ । प्रदेश नीति तथा योजना आयोगबाट मन्त्रालयहरूलाई प्राप्त बजेट सीमाको रकम र विनियोजित बजेट रकमको तुलनात्मक परीक्षण गर्दा यो वर्ष निर्धारित सीमाभन्दा आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा २१ प्रतिशत, सामाजिक विकास मन्त्रालयमा ५४ प्रतिशत, भौतिक पुर्वाधार विकास मन्त्रालयमा ८६ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा ३७ प्रतिशत, प्रदेश सभा सचिवालयमा ६१ प्रतिशत र भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा १९ प्रतिशत लगायत १० केन्द्रीय निकायलाई बजेट तर्जुमा तथा स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा भन्दा ५५ प्रतिशतले बढी बजेट विनियोजन भएको देखियो । बजेट विनियोजन यथार्थपरक हुनुपर्दछ ।

९. **अबण्डा बजेट** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १० मा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारण सहित प्रस्ताव पुष्ट्याई गर्ने आवश्यक नीति, कानुन, सम्झौतामा उल्लिखित विवरण, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमको लागि संगठनको उद्देश्य अनुरुप प्रदेशको प्राथमिकता, लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरण सहितको पुष्ट्याई पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कुनै पनि स्पष्ट प्रयोजन, लक्ष्य तथा अपेक्षित प्रतिफल समेत नतोकिएको अर्थ विविध शीर्षक अन्तर्गत रू.२ अर्ब ५८ करोड ६३ लाख शुरु विनियोजन तथा रू.२ अर्ब ७३ करोड ९० लाख खुद विनियोजन कायम भएकोमा आर्थिक वर्षको अन्तिम त्रैमासिकका विभिन्न कार्यालयलाई रू.८९ करोड ८२ लाख ५१ हजार निकासा गरी खर्च गरेकोमा रू.१ अर्ब ८४ करोड ७ लाख अर्थात कुल विनियोजित रकमको ६७ प्रतिशत खर्च भएको छैन ।यसरी अवण्डामा ठुलो रकम राखी बजेट तर्जुमा गरेको उपयुक्त देखिएन ।

१०. **अन्तर सरकार अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०७९ को दफा ४ मा प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकायमार्फत सञ्चालन गर्न आवश्यक देखिएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको बजेट कार्यक्रममा समावेश भएको रू.१० करोड ५६ लाख ३५ हजारको कार्यक्रमहरू नेपाल सरकारका संघीय निकायहरूमार्फत सञ्चालन गरी रू.६ करोड २६ लाख ७९ हजार खर्च भएकोमा ऐनको व्यवस्थाबमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिएको देखिएन । ऐनमा तोकिएबमोजिम बजेट परिचालन हुनुपर्दछ ।

११. **नदिजन्य पदार्थको रोयल्टी** – प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा, गिटि, वालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने र सो बिक्री बापत प्राप्त रकमको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेशका ८८ स्थानीय तह मध्ये ४ स्थानीय तहले नदिजन्य पदार्थ बिक्री बापतको रू.१५ लाख ९८ हजार प्रदेश सञ्चित कोषमा दाखिला गरेता पनि अन्य स्थानीय तहले संकलन गरेको उक्त रोयल्टी रकम प्रदेश ऐन अनुरुप बाँडफाँट गरी प्रदेश सञ्चितकोषमा पठाएका छैनन। कानुन बमोजिम राजस्व बाँडफाँट गर्नुपर्दछ।

१२. **विज्ञापन कर** - प्रदेश आर्थिक ऐन, २०७९ को दफा ५ मा प्रदेशमा विज्ञापन सामाग्री राखे बापत लाग्ने कर सम्बन्धित स्थानीय तहले उठाउने र सोको ४० प्रतिशत प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेशका ८८ स्थानीय तहमध्ये ७ स्थानीय तहले रू.१५ लाख ८९ हजार विज्ञापन कर बापतको रकम प्रदेश सञ्चितकोषमा दाखिला गरेको छ । आर्थिक ऐनको कार्यान्वयन गर्न आवश्यक समन्वय र अनुगमन हुनुपर्दछ ।

१३. **कर व्यवस्थापन** - प्रदेश आर्थिक ऐन, २०७९ को दफा ३ को उपदफा ७ मा टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित स्थानीय तहले लगाउने र उठाउने व्यवस्था छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा प्रदेशले सवारी साधन कर उठाउदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउनु पर्ने गरी सवारी साधनमा एकल कर प्रशासन प्रदेशबाट हुने व्यवस्था छ । यो वर्षको प्रदेश आर्थिक ऐनको अनुसूची १० मा ई रिक्सा तथा अटो रिक्साको वार्षिक सवारी साधन कर क्रमश रू.२०० र रू.१००० तोकिएको र सोही अनुसार उठाएको देखियो । यो वर्ष रिक्सा लगायत साना सवारी साधनमा संकलन गरेको करको विवरण प्रदेशले छुट्टै अभिलेख राखेको नदेखिएतापनि यातायात व्यवस्था कार्यालय कैलाली र कन्चनपुरबाट प्राप्त विवरण अनुसार ५ हजार १७१ रिक्साको न्यूनतम रू.६२ लाख ५ हजार उठाएको हुनुपर्ने देखिन्छ । उल्लिखित दुई कानुनी व्यवस्था हेर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार सवारी साधन करको दर स्थानीय तहले तोक्न सक्ने तर प्रदेशले उठाउनु पर्ने देखिएकोमा प्रदेश आर्थिक ऐनमा स्थानीय तहले नै उठाउने गरी बनाएको कानुनी व्यवस्था मिलेको देखिएन । त्यसैगरी धनगढी उपमहानगरपालिका लगायत अन्य पालिकाहरूले आफ्नो आर्थिक ऐनमा तोकेको सवारी साधन कर प्रदेशले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार उठाएको देखिएन । प्रदेश आर्थिक ऐनमा रिक्सा तथा ई रिक्सामा स्थानीय तहले कर लगाउने व्यवस्था गरिसके पश्चात सोही ऐनमा उक्त करको दर तोक्नु मनासिव देखिएन । साना सवारी साधनमा करको दर तोक्ने अधिकार प्रदेश आर्थिक ऐनमा प्रदेशमा नरहेको र स्थानीय तहले तोकेको कर प्रशासन र संकलन गर्ने अधिकार भने अन्तरसरकारी वित्त व्यवस्थापन ऐन बमोजिम प्रदेशमा रहेको देखियो । संघीय कानुन र प्रदेश कानुनमा भएका व्यवस्थाहरू आपसमा द्विविधायुक्त हुनुहुदैन ।

१४. **बहुवर्षीय आयोजना र अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व ऐन, २०७९ को दफा १२ मा आगामी वर्षहरूको लागि आर्थिक मामिला मन्त्रालयको पूर्व सहमतिमा बहुवर्षीय दायित्व सृजना हुने गरी बहुवर्षीय योजनाहरू स्वीकृत हुने व्यवस्था छ । मन्त्रालयले २०७९।८० मा

विनियोजन हुने गरी भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका ६६ योजनाको लागि रू.३ अर्ब ८१ करोड ७ लाख र सामाजिक विकास मन्त्रालय अन्तर्गतका ५ योजनाको लागि रू.५१ करोड २९ लाख समेत कुल रू.४ अर्ब ३२ करोड ३७ लाखको स्रोत सुनिश्चितता प्रदान गरेको छ । यो वर्ष भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्तर्गतका निकायलाई विनियोजित पूँजीगत बजेट रू.१७ अर्ब ८२ करोड ४६ लाखमध्ये २२ प्रतिशत बजेट बहुबर्षीय आयोजनाको लागि बजेट विनियोजन गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयको बहुवर्षीय आयोजनाको प्रगति विवरण तयार भएको छैन । मन्त्रालयबाट स्वीकृत बहुवर्षीय योजनाहरूलाई दिइने स्रोत सुनिश्चितताको विश्वसनीय आधार तय हुनुपर्दछ ।

१५. **संघीय अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार २०७९।८० मा नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान रू.१५ अर्ब ४ करोड ४४ लाख बजेट अनुमान भएकोमा रू.१४ अर्ब ३३ करोड ९७ लाख अर्थात् ९५.३२ प्रतिशत यथार्थ प्राप्त भएको र सो मध्ये रू.११ अर्ब ७७ करोड ४३ लाख अर्थात् ७८.२६ प्रतिशत खर्च भएको देखियो । सशर्त, विशेष र समपूरक अनुदानको रूपमा प्राप्त भएको अनुदानमध्ये रू.२ अर्ब ५६ करोड ५४ लाख खर्च नभई संघीय सञ्चित कोषमा फिर्ता दाखिला भएको छ । प्रदेश सरकारले स्वीकृत बजेटसमेत खर्च गर्न नसकेको देखिँदा कार्यसम्पादन स्तरमा सुधार गरी खर्च क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

१६. **घर जग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ मा प्रत्येक कार्यालयले कार्यालय रहेको सरकारी घरजग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नु पर्ने व्यवस्था छ ।प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालय तथा अन्तर्गतका निकायसँग रू.६ करोड १० लाख २८ हजारको जमिन र रू.१ अर्ब १५ करोड २३ लाखको भवन संरचना रहेको उल्लेख छ । मन्त्रालयले कानुनी व्यवस्था अनुसार प्रदेश सरकार अन्तर्गतका निकायहरू कृषि, वन, सिचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्यलगायतका कार्यालयहरूलाई प्राप्त साविक संघका कार्यालयहरूको नाममा रहेको सरकारी भवन लगायत सरकारी घरजग्गाको लगत देखिने गरी अभिलेख व्यवस्थित गरेको छैन । प्रदेश सरकार अन्तर्गतका निकायले प्रयोग गरिरहेका सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गरी अद्यावधिक गर्नुपर्दछ ।

१७. **प्रोत्साहन भत्ता -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा महंगी भत्ता, स्थानीय भत्ता, पोशाक खर्च, चाडपर्व खर्च बाहेक अन्य भत्ता तथा अतिरिक्त काम गरेबापतको भुक्तानी नदिने उल्लेख छ । प्रदेश सरकार अन्तर्गतका सबै कर्मचारीलाई महंगी भत्ता, स्थानीय भत्ता, चाडपर्व खर्च, पोशाक खर्चका अतिरिक्त प्रोत्साहन भत्ताको रूपमा पारिश्रमिकमा मासिक एकमुष्ठ रू.२ हजार थप गरी यो वर्ष रू.१ करोड २० लाख ९३ हजार खर्च लेखिएको छ । प्रदेशको राजस्व क्षमता र अतिरिक्त कार्यबोझ समेतको विश्लेषण गरी प्रोत्साहन भत्ता दिने व्यवस्था हुनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१८. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५ मा प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । ऐनको उल्लिखित व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण तयार गरी निम्नानुसार पेश गरेको छ ।

क्र.सं.	विवरण	गत वर्षको रकम रू.हजारमा		यो वर्षको रकम रू.हजारमा	
		रकम	जम्मा रकम	रकम	जम्मा रकम
	प्राप्ति				
१.	गत वर्षको मौज्दात जिम्मेवारी		५६७६१२३		७४६७२५६
२.	राजस्व तथा अनुदान		९१९२४३९		९२०८८७९
२.१.	कर राजस्व	८८२४५७६		८७९२६३४	
२.२.	अन्य राजस्व	३६७८६३		४१६२४५	
२.३.	गत वर्षको नगद मौज्दात तथा बेरुजु		२५६९६२		१७२८५९
	अनुदान		१५६४०३४५		१४३३९७११
२.४.	समानीकरण अनुदान	८५४४०००		७८८१५६३	
२.५.	समपुरक अनुदान	१२२९४००		७६५०००	
२.६.	ससर्त अनुदान	५२५३४४५		४८९५३४८	
२.७.	विशेष अनुदान	६१३५००		७९७८००	
३.	अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम		-२४२१२५५		-२५६५४१९
	जम्मा प्राप्ति		२८३४४६१४		२८६२३२८६
	भुक्तानी				
१.१.	सञ्चित कोष माथी व्ययभार हुने रकममा खर्च	०		२०५३	
१.२.	विनियोजन ऐन द्वारा भएको खर्च चालु	८९२५३००	२०८७७३५८	८२४६५२६	
१.३.	विनियोजन ऐन द्वारा भएको खर्च पूँजीगत	११९५२०५८		१५८१४५१६	
	जम्मा भुक्तानी		**२०८७७३५८**	**०**	**२४०६३०९५**
	सञ्चित कोष मौज्दात		**७४६७२५६**	**०**	**४५६०१९१**

प्रदेश सञ्चित कोषको सञ्चालन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

१८.१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ११२ मा प्रदेश सञ्चित कोषको हिसाव राख्ने तथा राख्न लगाउने काम प्रदेश लेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ । सुदूरपश्चिम प्रदेश सरकारले यो वर्षको सञ्चित कोषको आयतर्फ गत वर्षको बचत समेत रू.३१ अर्ब १८ करोड ८७ लाख मध्ये खर्च रू.२४ अर्ब ६ करोड ३१ लाख र संघीय सरकारलाई भएको अनुदान फिर्ता रू.२ अर्ब ५६ करोड ५४ लाख घटाउदा रू.४ अर्ब ५६ करोड २ लाख सञ्चित कोष मौज्दात रहेको छ।

१८.२ प्रदेश सरकारले २०७९।८० को बजेट बक्तव्य अनुसार रू.३६ अर्ब ८३ करोड ३९ लाख आय व्यय अनुमान रहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश अन्तर्गत संघीय सरकारबाट प्राप्त अनुदान रू.११ अर्ब ७७ करोड ४३ लाख, राजस्व बाँडफाँडबाट प्राप्त रकम र

प्रदेश राजस्व रू.९ अर्ब २० करोड ८९ लाख र अन्य प्राप्ति रू.१७ करोड २८ लाख ५९ हजार समेतबाट रू.२१ अर्ब १५ करोड ६० लाख प्राप्त भएकोमा रू.२४ अर्ब ६ करोड ३० लाख ९५ हजार खर्च भएको देखाएको छ । जस अनुसार यो वर्ष न्यून वित्त देखिएको रू.२ अर्ब ९० करोड ७१ लाख र गत वर्षको बचत मौज्दात रू.७ अर्ब ४६ करोड ७३ लाख समेतबाट यो वर्षको अन्त्यमा रू.४ अर्ब ५६ करोड २ लाख प्रदेश सञ्चित कोष मौज्दात देखिएको छ । यो वर्षको कुल प्राप्तिको ४९ प्रतिशत र कुल खर्चको ५५.६५ प्रतिशत संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण बापतको रकमको अंश रहेको छ ।

१८.३ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २७ मा कारोवारको लेखा राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत भएको लेखाको ढाँचा र आर्थिक संकेत तथा वर्गिकरण लागु गर्नुपर्ने व्यवस्था छ । प्रदेश सञ्चित कोषको एकीकृत आर्थिक विवरण अनुसार कर तथा अन्य राजस्व बापत रू.९ अर्ब ६३ करोड ६४ लाख आय अनुमान गरिएकोमा रू.९ अर्ब ३८ करोड १७ लाख अर्थात अनुमानको ९७.३५ प्रतिशत प्राप्त भएको छ । प्राप्त रकम मध्ये लगती तथा हसवली राजस्व यकिन गरी सोही अनुसार लेखा अध्यावधिक गर्नुपर्दछ ।

१८.४ यो वर्ष प्रदेश सरकारबाट संकलित रू.९ अर्ब ७१ करोड ४१ लाख मध्ये प्रदेश विभाज्य कोषमा रू.७४ करोड ३६ लाख ४९ हजार जम्मा भएको छ । प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये वन क्षेत्रको रोयल्टीबापत संकलित रू.६ करोड ६१ लाख २ हजार संघीय सञ्चित कोषमा र सवारी साधन कर बापत संकलित रकममध्ये रू.४१ करोड १२ लाख ६१ हजार प्रदेश सञ्चित कोषमा र रू.२६ करोड ६२ लाख ८६ हजार स्थानीय सञ्चित कोषहरूमा दाखिला भएको छ ।

१९. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३५ मा प्रदेश सरकार अन्तर्गतका प्रत्येक कार्यालयको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले चौमासिक रूपमा गर्नुपर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । प्रदेश अन्तर्गतका निकायहरूको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी आर्थिक वर्षको समाप्ति पश्चात एकैपटक आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन जारी भएको छ। यो वर्ष प्रदेश अन्तर्गतका ९ जिल्ला स्थित कार्यालयको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने बेरुजु रू.३० लाख ५० हजार, नियमित गर्नुपर्ने रू.५७ लाख ८० हजार र म्याद नाघेको पेश्की बेरुजु रू.१० करोड २२ लाख ९९ हजार समेत कुल रू.११ करोड ११ लाख ३० हजार बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म फर्स्यौट भएको बेरूजुको विवरण पेश भएन। कानुनमा भएको व्यवस्था अनुसार प्रदेश अन्तर्गतका सबै कार्यालयहरूले चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण गरी सोबाट कायम बेरुजुहरू समयमै फर्स्यौट गर्नुपर्दछ।

२०. **राजस्व अभिलेख -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त यो वर्षको प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरणको टिप्पणी नं. १.२ अन्तर्गत राजस्व तथा अन्य प्राप्तिको रकम रू.९ अर्ब ३८ करोड १७ लाख ३८ हजार रहेकोमा राजस्व सूचना व्यवस्थापन प्रणालीमा अनुसार रू.९ अर्ब ६ करोड ५२ लाख राजश्व प्राप्ति भएको देखिन्छ । जसमा आर्थिक वर्ष २०७८।७९ को राजस्व रकम यो वर्ष प्राप्त

भएको रू.७७ करोड ४० लाख घटाएर यो वर्षको राजस्व सञ्चित कोष दाखिला हुन नसकी नगद बाँकीको रूपमा रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा दाखिला भएको रू.६२ करोड ९९ लाख ५६ हजार समेत आर्थिक वर्ष २०७७।७८ को राजस्व २०७८।७९ मा दाखिला भएको तर सम्बन्धित आर्थिक वर्षमा प्रतिवेदन हुन नसकेको रू.४६ करोड ५ लाख ६५ हजार समेत यो वर्षको सञ्चित कोष हिसावमा देखाएको छ । सम्बन्धित आर्थिक वर्षको राजस्व सोही वर्षमा प्रतिवेदन गर्नुपर्दछ ।

२१. **साना सवारी साधन कर बाँडफाँट -** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ को दफा ३ मा टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित स्थानीय तहले लगाउने र उठाउने तथा सोको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहलाई पठाउनु पर्ने व्यवस्था छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा सवारी साधन कर उठाउदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउनु पर्ने र उठेको करको प्रशासनिक खर्च बापत बढीमा दुई प्रतिशत रकम त्यस्तो कर उठाउने तहले आफ्नो सञ्चित कोषमा जम्मा गरी बाँकी रकम जुन तहको कर उठाएको हो सोही तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ । यो वर्ष साना सवारी साधनबाट उठाएको करको विवरण प्रदेशले छुट्टै अभिलेख राखेको छैन । कैलाली र कञ्चानपुरका दुई यतायात व्यवस्था कार्यालयबाट प्राप्त विवरण अनुसार रिक्सा र अटो रिक्सामा लगाइएको कर रू.६२ लाख ५ हजार संकलन भएको देखिएकोमा सो रकमको प्रदेश आर्थिक ऐन अनुसार ६० प्रतिशत स्थानीयलाई पठाउनु पर्ने र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार ९८ प्रतिशत स्थानीय तहलाई पठाउनु पर्ने गरी दुई कानुनी व्यवस्था विद्यामान रहेको अवस्थामा प्रदेशले अन्य सवारी साधन कर कै रूपमा लेखाङ्कन गरी ४० प्रतिशत पठाएको देखियो । कानुनी व्यवस्था अनुसार राजस्व बाँडफाँड गर्नुपर्दछ।

प्रदेश स्वरोजगार कोष

२२. **कोष परिचालन -** प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को प्रस्तावनामा पुँजी सीप एवम लगानीका स्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रतिको सम्मान गर्ने जनशक्ति निर्माण गर्दै विना धितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र गरिवी निवारण गर्न प्रदेश सरकारले २०७५।७६ मा रू.१ अर्बको यो कोष खडा गरेको देखियो। व्याज समेत कोषमा रहेको रू.१ अर्ब ७ करोड ३९ लाख मध्ये यो वर्षसम्म सुदूरपश्चिम प्रदेशका ५० स्थानीय तहका १४ सहकारी संस्था मार्फत ४६२ जनालाई रू.१० करोड २८ लाख २० हजार अर्थात ९.६ प्रतिशत कर्जा प्रवाह गरेको छ। यो वर्ष रू.९७ करोड १० लाख ८० हजार मौज्दात रहेको रकम उद्देश्य अनुरुप परिचालन हुनुपर्दछ।

२३. **कोषको स्वायत्तता -** प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा १० मा कोषको संचालक समितिले कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने, कोषको वार्षिक तथा आवधिक कार्यक्रम र वार्षिक बजेट स्वीकृत गर्ने लगायतको व्यवस्था गरेको छ । ऐनको व्यवस्था बमोजिम संचालक समितिले कोषको सञ्चालन तथा व्यवस्थापनको लागि वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्नु पर्नेमा प्रदेश आर्थिक मामिला मन्त्रालयले वार्षिक बजेट स्वीकृत गरी

प्रदेश सञ्चित कोषबाट व्ययभार हुने गरी कोषको सञ्चालन तथा व्यवस्थापन हुने गरेको छ । ऐनको व्यवस्था बमोजिम कोषको सञ्चालन तथा व्यवस्थापन हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, तथ्यपरक ढंगले राजस्वको प्रक्षेपण गरी संकलन एवं परिचालन नगरेको, अवण्डा बजेट राखी रकमान्तर गर्ने गरेको, आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु नियम अनुसार फर्स्यौंट तथा सम्परीक्षण नगरेको, योजना तर्जुमा तथा दिग्दर्शनको पालना नगरेको लगायतका व्यहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - सरकारी कार्यालयतर्फ ११ निकायमा यो वर्ष रू.३ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची ९ मा रहेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य, पर्यटन, वन तथा वातावरण सम्बन्धी कार्यका लागि आवश्यक नीति, कानुन, कार्यक्रम तथा योजनाहरू तयार गर्ने, उद्योग, वाणिज्य, पर्यटनको प्रवर्द्धन, विकास र नियमन गर्ने, खानी तथा खनिज पदार्थको अन्वेषण, व्यवस्थापन तथा नियमन गर्ने, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन गर्ने, विज्ञान, प्रविधि र वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि गर्ने लगायतका कार्य रहेका छन्।

१. **सरकारी कार्यालय**- मन्त्रालय र मातहतका २८ सरकारी कार्यालय समेतको निम्नानुसार रू.२ अर्ब ९१ करोड ८६ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९५७७२६	१००२२६	७६३७०४	९६९९४	२९१८६५०

२. **नीति तथा कार्यक्रम** - प्रदेश सभाको २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएकामध्ये कञ्चनपुर जिल्लाको हिरापुर फाँटमा वन्यजन्तुको लागि एम्बुलेन्स र वन्यजन्तु उद्दार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने, खप्तड क्षेत्रलाई आध्यात्मिक ध्यान केन्द्र र लालझाडी गाउँपालिकालाई राना सांस्कृतिक पर्यटकीय गाउँका रुपमा विकास गर्ने, विपद्को समयमा खाद्य श्रृंखला अवरुद्ध भएका दुर्गम तथा हिमाली भेगमा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिने, निजी क्षेत्रद्धारा वन्यजन्तु पालनका लागि आवश्यक नीति तर्जुमा गर्ने लगायतका कार्यक्रम बजेटमा समावेश गरेतापनि कार्यान्वयनमा आएको छैन ।

उपयुक्त वन सम्वर्द्धन र संरक्षण प्रणाली अवलम्बन गरी दिगो वन व्यवस्थापन गर्न नेपाल सरकारसँगको सहकार्यमा संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको संरक्षण र विकास कार्यक्रम सञ्चालन गर्ने, साल प्रजातिको स्थानीय आयतन तालिका तयार गरी लागु गर्ने, टिस्यु कल्चर प्रयोगशालाको स्थापना गर्ने, वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालयको स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने लगायतका कार्यक्रम बजेट बक्तव्यमा समावेश गरेतापनि बजेट व्यवस्था गरेको छैन । नीति तथा कार्यक्रममा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **कार्य जिम्मेवारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लिखित ६२ कार्यहरूमध्ये भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी कार्य गर्ने, कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने, सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, उपभोक्ता अदालत गठन र सञ्चालन गर्ने, पर्यटक प्रहरी व्यवस्थापन तथा प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना गर्ने, प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने, विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन लगायतका कार्य गरेको पाइएन । नियमावलीमा उल्लिखित विषयहरूको कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट कार्यान्वयन –** प्रदेश सरकारको २०७९।८० को वजेट वक्तव्यमा उल्लिखित मन्त्रालयले सम्पादन गर्ने कार्यहरूमध्ये "हरित शहर सबैको रहर" कार्यक्रम अन्तर्गत धनगढी अत्तरिया ६ लेन सडक सौन्दर्यकरण कार्य गर्ने, टिस्युकल्चर प्रयोगशालाको स्थापना गर्ने, परशुरामधाम क्षेत्रमा योग ध्यान सम्मेलन केन्द्र निर्माण गर्ने, चिसापानी राजकाडा पण्डौन खैराला हुँदै खानीडाडा ट्रेल निर्माणको डि.पी.आर. निर्माण गर्ने, खप्तड, रामारोशन, बडिकेदार र बैद्यनाथ धाम क्षेत्रमा पर्यटन विकास लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन । बजेटमा उल्लिखित कार्यहरू कार्यान्वयन हुनुपर्दछ ।

५. **काठ दाउरा तथा खोटो संकलन –** मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष व्यवस्थित वनबाट ३६ लाख ४२ हजार ५१४, सामुदायिक वनबाट ४ करोड ५० लाख ४ हजार ८५१, निजी वनबाट ३ करोड ५३ लाख ४ हजार ८५ र वेवारिसे काठ ३ लाख १४ हजार ५२७ समेत ८ करोड ४२ लाख ६५ हजार ९७७ क्युविक फिट काठ मौज्दात रहेको देखियो। सामुदायिक वनबाट ७ हजार ४९, निजी वनबाट ८७ हजार ९५४, वेवारिसे ११ समेत जम्मा ९५ हजार १४ चट्टा दाउरा र १४ लाख ७१ हजार ९२४ किलोग्राम जडिबुटि तथा २४ करोड ८५ लाख ९४ हजार ५७५ किलोग्राम खोटो संकलन भएको छ। यसरी संकलन गरी मौज्दात रहेका काठ दाउरा, जडिवुटी, खोटो लगायतका वनजन्य उपजहरू बिक्री गरी राजस्व प्राप्त गर्नुपर्दछ ।

६. **वन अतिक्रमण-** मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्षसम्म १० डिभिजन वन कार्यालय अन्तर्गत अतिक्रमण भएका २१ हजार ५८२.०५ हेक्टर वनक्षेत्रमध्ये यो वर्ष १७१.८७ हेक्टरमा भएको अतिक्रमण हटाएको छ । अतिक्रमित बाँकी वन क्षेत्र २१ हजार ४१०.१८ हेक्टर अतिक्रमण हटाउन मन्त्रालयले पहल गर्नुपर्दछ ।

७. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को स्वीकृत नर्म्स बमोजिम दररेटका आधारमा निर्माण कार्यको लागत अनुमान तयार गरी कार्य सम्पन्न पश्चात प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा बिल र विजकको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डिभिजन वन कार्यालय दार्चुलाले मन्दिर तथा भवनमा ब्लक मेसिनरी वाल निर्माण कार्य गर्दा दर विश्लेषणमा प्रतिघनमिटर ब्लक संख्या १४८ उल्लेख गर्नुपर्नेमा ईट्टाको परिमाण ५६० संख्या उल्लेख गरी दर विश्लेषण गर्दा रू.११ लाख १४ हजार बढी मूल्याङ्कन भई ९ उपभोक्ता समितिलाई जनश्रमदानको १० प्रतिशत कट्टा गरी बढी भुक्तानी भएको रू.१० लाख ३ हजार असुल हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये बजेट तथा कार्यक्रममा हुनसक्ने दोहोरोपना न्यूनीकरणको लागि आवश्यक पहल नगरेको, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार नगरेको, एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा नगरेको, दर्ता गरी नवीकरण नगराउने उद्योगको अनुगमन नगरेको, काठ दाउराको समयमै लिलाम बिक्री नगरेको लगायतका व्यहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहतका ३२ निकायहरूमा देखिएका बेरुजुको स्थिति देहाय अनुसार छः

➢ सरकारी कार्यालयतर्फ २८ निकायको यो वर्ष रू.२ करोड ६४ लाख ९६ हजार देखिएकोमा प्रतिक्रियाबाट रू.२१ लाख ८९ हजार फर्स्यौंट भई रू.२ करोड ४३ लाख ७ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

➢ समिति तथा अन्य संस्थातर्फ ४ निकायको यो वर्ष रू.१ करोड ९६ लाख २० हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फर्स्यौंट नभई सोही रकम बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशभित्रको कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण, भूमि व्यवस्था र सहकारी तथा गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय** – मन्त्रालय र मातहतका ३० सरकारी कार्यालयको निम्नानुसार रू.२ अर्ब ४५ करोड ३७ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२२९६५५०	३४८९८	७६५८५	४५७१५	२४५३७४८

२. **नीति तथा कार्यक्रम** – प्रदेश सभामा प्रस्तुत २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरूमध्ये प्रदेश दुग्ध विकास बोर्ड गठन गरी प्रदेशको दुग्ध विकास योजना तयार गर्ने, प्रदेशमा न्यूनतम समर्थन मूल्य तोकी कृषि उपज खरिद गर्ने व्यवस्था मिलाउने, आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्ने, मालपोत तथा नापी कार्यालयको स्रेस्ता सुधार कार्यक्रम सञ्चालन गर्ने, एक स्थानीय तह एक पशुपन्छी उत्पादनमा जोड लगायतका व्यहोराहरू कार्यान्वयन भएको छैन । नीति तथा कार्यक्रममा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **कार्य जिम्मेवारी** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित ३२ कार्यहरूमध्ये प्रादेशिक खाद्य पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गर्ने, कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन ल्याउने, राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, र नियमन गर्ने, चरन र खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन कार्यान्वयन र नियमन गर्ने, भूमि व्यवस्थापन, भूमि प्रशासन, भू उपयोग सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन गर्ने, प्रदेश भित्रको नाप नक्साको नियन्त्रण विन्दुको सञ्जाल स्थापना गर्ने, गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्यहरू कार्यान्वयनमा आएको छैन । नियमावलीमा भएका विषयहरूको कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारले पेश गरेको २०७९।८० को बजेट वक्तव्यमा उल्लिखित व्यहोरामध्ये यस मन्त्रालयसँग सम्बन्धित "**आत्मनिर्भर कृषिः प्रदेशको समृद्धि**" भन्ने नाराका साथ जग्गा चक्लाबन्दी र खेती चक्लाबन्दीलाई प्रोत्साहन गरी जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा बाँझो जमिन बैङ्क स्थापना गर्ने, "**एक खेतमा तीन बाली उत्पादन वृद्धि गरौ यसपाली**" भन्ने नाराका साथ कृषकको जमिनमा वर्षैभरी सिचाई सुविधा विस्तार गरी उत्पादन वृद्धि गर्न १६ सय बोरिङ निर्माण गर्ने, "**कृषि आयमा बृद्धिः किसानको समृद्धि**" भन्ने नाराका साथ कृषि बाली बस्तुको न्यूनतम समर्थन मूल्य तोक्न आवश्यक व्यवस्था मिलाई बाली बस्तुको खरिद र भण्डारण गर्न निजी क्षेत्र र सहकारीलाई प्रोत्साहन गर्ने, "**माटो**

जोगाऔः उत्पादन बढाऔ" भन्ने नाराका साथ कृषियोग्य भूमिको माटो स्वस्थ बनाई माटो उर्वराशक्ति बढाई बाँझो र उपयोगमा नरहेका जग्गालाई उपयोगमा ल्याउन भू-उपयोग योजना तयार गर्ने, "**गोठ देखि ओठ सम्म स्वच्छ दुध**" भन्ने नाराका साथ प्रदेश दुग्ध विकास बोर्ड गठन गरी समग्र प्रदेशको दुग्ध क्षेत्रको विकास योजना तयार गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयनमा आएका छैनन। बजेटमा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **आवधिक योजनाको कार्यान्वयन –** प्रथम पञ्च वर्षीय योजना २०७८।७९-२०८२।८३ मा उल्लेख भएका विषयमध्ये प्रमुख बालीमा न्यूनतम समर्थन मूल्य तोकी कार्यान्वयन गर्ने, प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना गर्न संघीय सरकारसँग समन्वय गर्ने, सूचना प्रविधिको अधिकतम उपयोग गरी कृषिमा एकीकृत बजार सूचना प्रणालीको विकास गर्ने, कृषकहरूको वर्गीकरण गरी उत्पादनमा दिइने अनुदानको प्रतिशत निर्धारण गर्ने, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा बाँझो जमिन बैङ्क स्थापना गर्ने, एक स्थानीय तहमा एक पशुपन्छी उत्पादनमा जोड दिने, पशु आनुवांशिक स्रोत संरक्षण तथा उपयोग सम्बन्धी ५ वर्षे कार्ययोजना तयार गरी लागू गर्ने, प्रदेश भू उपयोग नीतिको गुरु योजना र निर्देशिका तयार गर्ने, गुठी जग्गाको व्यवस्थापन सम्बन्धी नीति कानुन मापदण्ड योजना कार्यान्वयन र नियमन गर्ने, भू-मापनका आधुनिक सिद्धान्त र प्रविधि अनुसार नापनक्साको आधारभूत नियन्त्रण विन्दुको सञ्जाल सुदृढ तुल्याउने, बहुउद्देश्यीय भौगोलिक सूचना प्रणली तयार गर्ने, घर जग्गाको एकीकृत मूल्याङ्कनको लागि वैज्ञानिक आधार तथा मापदण्ड तयार गर्ने जस्ता कार्यहरू योजनाको तेस्रो वर्षसम्म पनि कार्यान्वयनमा आउन सकेको छैन । आवधिक योजनाले तय गरेका लक्ष्यहरूलाई वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग आवद्ध गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **आवधिक योजनाको समिक्षा –** प्रदेशले "**आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम** " को दीर्घकालिन सोच सहित प्रथम आवधिक योजना २०७८।७९-२०८२।८३ को तर्जुमा भएकोमा हाल सम्म प्रगति समीक्षा गरेको छैन।प्राप्त विवरण अनुसार आवधिक योजनामा उल्लिखित निम्नानुसारका क्षेत्रमा लक्षित प्रगति हासिल भएको देखिदैन। आवधिक योजनाले तय गरेका लक्ष्यको समीक्षा गरी सोही अनुरुपका विषयहरू नीति तथा कार्यक्रम र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

आवधिक योजनाको लक्षित क्षेत्र	आर्थिक वर्ष २०७९।८० मा हासिल गर्ने लक्ष्य	यो वर्षको हासिल भएको प्रगति
बहुआयामिक गरिवीमा रहेको जनसंख्या	२२ प्रतिशत	२५.३ प्रतिशत
प्रमुख अन्नबाली धान, गँहु, मकै, कोदो र जौ उत्पादन	१३५१४६८ मेट्रिक टन	१०९२७२५ मेट्रिक टन
प्रमुख तरकारीहरूको उत्पादन	४१३३१० मेट्रिक टन	३०१३४४ मेट्रिक टन
सिचाई पुगेको जमिनको क्षेत्रफल	३४५० हेक्टर	८९२ हेक्टर

स्रोतः सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण, २०७९।८० तथा मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन, २०८०

७. **रकमान्तर-** सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ मा तोकिएका निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिएमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एक भन्दा बढी अनुदान संख्यामा रकम सार्न सकिने व्यवस्था छ । यो वर्ष मन्त्रालय र अन्तर्गतका निकायहरूले गर्ने सेवा र कार्यको निमित्त विनियोजन भएको रू.३ अर्ब

१० करोड ३६ लाख मध्ये चालुतर्फ रू.२९ करोड १७ लाख ७९ हजार रकमान्तर भई थप र रू.३३ करोड १५ लाख ८४ हजार रकमान्तर भई घट तथा पूँजीगततर्फ रू.३ करोड ६४ लाख ३ हजार रकमान्तर भई थप र रू.५ करोड ५२ लाख ५९ हजार रकमान्तर भई घट गरी अन्तिम बजेट रू.३ अर्ब ४ करोड ५० लाख कायम भए अनुसार १०.५७ प्रतिशत थप र १२.४६ प्रतिशत घट रकमान्तर भएको छ । विनियोजन ऐनले तोकेको सीमाभित्र रही बजेट परिचालन हुनुपर्दछ।

८. **मन्त्रालयबाट कार्यसञ्चालन स्तरको काम –** नेपाल सरकारले जारी गरेको विउ विजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ मा प्रादेशिक मन्त्रालय र स्थानीय तहसँग समन्वयमा छनोटमा परेका कृषकहरूलाई जिल्लास्थित कार्यालयबाट प्रोत्साहन अनुदान उपलव्ध गराउने व्यवस्था छ । यो वर्ष मन्त्रालयले संघ सशर्ततर्फ उन्नत बीउ उत्पादकका लागि पुर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रम अन्तर्गत ५ अनुदानग्राहीलाई रू.९५ लाख ४८ हजार अनुदान भुक्तानी भएको छ । निर्देशिकाको व्यवस्था अनुसार संघीय बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रले आवेदक छनौट गरी प्रादेशिक मन्त्रालय अन्तर्गको जिल्ला स्तरको कार्यालयबाट अनुदान भुक्तानी हुनु पर्नेमा सबै काम यस प्रादेशिक मन्त्रालयबाट भएको छ । निर्देशिका भन्दा फरक विधिबाट अनुदान वितरण कार्य कार्यक्रमको शर्त अनुरुप भएको छैन। नागरिकको हित अनुरुप दिगो उपयोग हुने गरी अनुदान वितरण हुनुपर्दछ।

९. **सहकारी क्षेत्र-** सुदूरपश्चिम प्रदेश सहकारी ऐन २०७५ मा रजिष्ट्रार अधिकारी र सहकारी संघले प्रदेशमा दर्ता भएका सहकारी संस्थाहरूको काम कारवाहीको अनुगमन गरी प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेशमा दर्ता भएका ३१ संघ अन्तर्गतका ३८२ सहकारी संस्थाको बचत परिचालनको अनुगमन गरी प्रतिवेदन पेश भएको छैन । कानुनमा तोकिएबमोजिम अनुगमन गरी लगानी सुरक्षित भएको सुनिश्चित हुनुपर्दछ ।

१०. **कार्यक्रमको अनुगमन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा बजेट तथा कार्यक्रम कार्यन्वयनको अवस्था मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्ने, कृषि तथा पशुपन्छी व्यवसायमा अनुदान परिचालन कार्यविधि, २०७८ मा अनुदान प्राप्त गर्ने संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, मातहतका निर्देशनालय, केन्द्र तथा स्थानीय तहले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्ने व्यवस्था छ । मन्त्रालय तथा अन्तर्गतका निकायहरूबाट कृषि, पशुपन्छी तथा सहकारी क्षेत्रमा १३ लाख ९३ हजार ५४६ लाभग्राहीलाई यो वर्ष रू.८६ करोड ६१ लाख समेत विगत ५ वर्षको अवधिमा कूल रू.४ अर्ब ५१ करोड ७४ लाख अनुदान उपलब्ध गराएको छ । मन्त्रालय र मातहतबाट वर्षेनी अनुदान उपलब्ध गराउदै आएकोमा अनुदान कार्यक्रमको अनुगमन भएको अभिलेख देखिएन । नागरिकको हित अनुरुप दिगो उपयोग तथा राजस्वमा योगदान हुने गरी अनुदान वितरण हुनुपर्दछ।

११. **उपभोक्ता समितिमार्फत खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्य बाहेक अन्य कार्यहरू उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्था गरेको छैन । कृषि ज्ञान केन्द्र कैलालीबाट सञ्चालित विभिन्न कार्यक्रमहरूको लागि रू.१० करोड ९५ लाख ६० हजारको पावर ट्रिलर प्रतिस्पर्धात्मक किसिमले खरिद गरेर कृषकहरूलाई हस्तान्तरण गर्नुपर्नेमा कृषकलाई रकम उपलब्ध

गराई कृषक मार्फत खरिद गरेको देखिएकोले खरिदमा मितव्ययीता र प्रतिस्पर्धा अपनाएको देखिएन । खरिद कार्यलाई मितव्ययी बनाउनु पर्दछ।

१२. **योजना छनौट -** सुदूरपश्चिम प्रदेश सरकार योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार विभिन्न योजना तर्जुमा गोष्टि समेतबाट छनौट भएका योजनाहरू माथि आवश्यक छलफल गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बी.आई.एस.) मा प्रविष्टि गरी आर्थिक मामिला मन्त्रालयले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बझांगमा कार्यान्वयन गर्नु नपर्ने ४ योजनामा विगत ३ वर्ष देखि नियमित रुपमा बजेट विनियोजन हुदै आएकोले यो वर्ष समेत विनियोजन भएको रू.४० लाख खर्च हुन सकेको छैन। बजेट विनियोजन यथार्थपरक हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये अनुदान कार्यक्रमको अनुगमन नगरेको, प्रदेश र स्थानीय तहमा दर्ता भएका सहकारीको अनुगमन नगरेको लगायतका व्यहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजु -** सरकारी कार्यालयतर्फ ३० निकायमा यो वर्ष रू.२ करोड ७५ लाख ४४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.१३ लाख ३५ हजार फर्स्यौट भई रू.२ करोड ६२ लाख ९ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको उर्जा, विद्युत, सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन, प्रदेश लोकमार्ग तथा यातायात, प्रदेश स्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जूमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार लगायतका विषयमा आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण मापदण्ड तयारी लगायतका कार्य रहेका छन्।

१. **सरकारी कार्यालय-** मन्त्रालय र मातहतका ३१ सरकारी कार्यालयको निम्नानुसार रू.१४ अर्ब ८८ करोड ८३ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२५२३८०९	९४९३०५	१४१०८८०	४३७५	१४८८८३६९

२. **नीति तथा कार्यक्रम कार्यान्वयन-** सुदूरपश्चिम प्रदेशको वार्षिक नीति तथा कार्यक्रम २०७९।८० मा उद्घघोष भएका यस मन्त्रालयसँग सम्बन्धित २० नीति तथा कार्यक्रममध्ये प्रदेशमा उपलब्ध जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन मार्फत जलस्रोतको बहुआयामिक उपयोग गरी अधिकतम प्रतिफल लिन तथा प्रभावकारी व्यवस्थापन र नियमन गर्न सिँचाई ऐन, नियमावली तथा गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिने, अध्ययनबाट संभाव्य देखिएका साना तथा मझौला जलविद्युत आयोजनाको निर्माण कार्य शुरु गरी ग्रामिण क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरिने, प्रदेशभित्र रहेका अटोमेकानिकल वर्कसपलाई व्यवस्थित गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा अटोभिलेज स्थापना गरी कार्यान्वयनमा ल्याइने, प्रदेशमा मोनोरेल संचालन गर्न तथा पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चिसापानी-अत्तरिया-गड्डाचौकी खण्डको सडकलाई चार लेनको बनाउन संभाव्यता अध्ययन गरिने लगायतका नीति तथा कार्यक्रमहरु कार्यान्वयन भएको पाइएन। नीति तथा कार्यक्रममा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

३. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४ मा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित २२ कार्यहरू मध्ये प्रदेश भित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने, प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन गर्ने, मौसम तथा जलमापन सञ्जार सञ्जाल व्यवस्थापन गर्ने, जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन गर्ने, प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन गर्ने, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडादर निर्धारण अनुगमन तथा नियमन गर्ने, प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने, सुरक्षित वसोबास र जग्गा एकिकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने लगायतका कार्यहरू कार्यान्वयनमा आएको छैन । नियमावलीमा भएका विषयहरूको कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा समावेश भएका व्यहोराहरूमध्ये प्रदेशको समग्र विकासको लागि मेरुदण्डको रुपमा रहेको रणनीतिक महत्वका सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप व्यापारिक तथा पर्यटकीय स्थानमा केवलकार निर्माण गर्ने, सेती, कर्णाली र महाकाली लगायतका ठूला नदीमा जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन सर्वेक्षण तथा विकासका लागि आवश्यक बजेट व्यवस्था गर्ने, सडक सम्पत्तिको नियमित मर्मत सम्भार तथा संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गरी दिगो मर्मत सम्भार प्रणालीको संस्थागत विकास गर्ने लगायतका कार्यहरू कार्यान्वयन भएको छैन। बजेट बक्तव्यमा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **प्रदेश गौरवका आयोजना -** आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरण हुने गरी छनौट भएका प्रादेशिक गौरवका आयोजनाहरूको कार्यान्वयनलाई प्राथमिकतामा राखी वजेट व्यवस्थापन गर्नु पर्दछ। मन्त्रालयबाट प्रदेश गौरवका रुपमा उल्लेख भएका आयोजनाहरूमा बजेट विनियोजन, खर्च र प्रगतिको स्थिति देहाय बमोजिम रहेको छ।

(रकम रू. लाखमा)

क्र.सं.	आयोजनाको नाम	शुरु वर्ष	लागत अनुमान		यो वर्षको खर्च रु	हालसम्मको खर्च रु	सम्पन्न हुने	
			शुरुको	हालको			वर्ष	हालसम्मको भौतिक प्रगति
१	खप्तड-मार्तडी सडक	२०७६	९७३७	९७३७	०	४४६	२०८०	३८%
२	सतवाज-श्रीभावर- हाट-दार्चुला सडक	२०७६	१६२८१	१६६९०	१०२९	४६०९	२०८२	४१.५५%
३	चिसापानी-ऋषिदह बडिमालिका सडक	२०७८	१७७६	१७७६	१७१	१५६८	२०८०	२९%
४	दैजी-पोखरा-दुङ्गाड- बझाङ्ग सडक	२०७६	१७५९५	१७५९५	१२४४	४१८०	२०८२	४०%
५	खलङ्गा- खार- देथला-पारीबगर- खण्डेश्वरी सडक	२०७६	९८०८	१०४८३	१०५७	५४४१	२०८१	७५.२८%
६	दिपायल-साइपाल सडक	२०७६	३२७५	३२७५	४६	१२८६	२०८१	३५%
७	सहजपुर-बोक्टान- दिपायल सडक	२०७६	१३६२५	१३६२५	१८६०	५१७५	२०८२	६३%
८	बेलौरी-कलुवापुर- नाइल-बुडर सडक	२०७७/७८	२५४०	२५७६	०	४१८	२०८१	३३%
९	भजनी-छोटीभन्सार खेमडी ठुलीगाड सडक	२०७६/७७	१२०८	१३८१	०	६८९	२०८०	८०%

जग्गाको मुआब्जा, क्षतिपूर्ति, बस्ती स्थानान्तरण एवं पुनर्वास लगायतका कार्यमा उचित निर्णय नहुनु, आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन नहुनु, वन क्षेत्र, सडक पहुँच लगायतका पूर्वाधार व्यवस्थापनमा ढिलाई हुनु, स्रोतको यथोचित व्यवस्थापन एवं परिचालन नुहनु लगायतका कारणले प्रदेश गौरवका आयोजनाको प्रगति न्यून रहेको छ। यस्ता आयोजना निर्माण पूर्व गर्नुपर्ने रेखाङ्कन, भौगर्भिक अध्ययन, स्रोतको प्रबन्ध जस्ता विषयमा पर्याप्त तयारी गरी आयोजनासँग सम्बन्धित सरोकारवाला निकायबीच समन्वय र सहकार्य मार्फत प्रदेश गौरवका आयोजनाको प्रभावकारी सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६. **कार्यक्रम संशोधन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्नसक्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय तथा मातहतका निकायलाई शुरु बिनियोजित बजेट रू.१८ अर्ब २६ करोड ६३ लाखमध्ये बजेट तथा कार्यक्रम संशोधन गरी रू.१८ अर्ब ३५ करोड ६७ लाख अन्तिम

बजेट कायम गरेकोमा रू.१२ अर्ब ४१ करोड ९३ लाख अर्थात विनियोजनको ६७.६६ प्रतिशत खर्च गरेको छ । यथार्थपरक बजेट विनियोजन गरी खर्च क्षमतामा सुधार गर्नुपर्दछ ।

७. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २३ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम तेस्रो त्रैमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम बैशाख पन्ध्रभित्र आर्थिक मामिला मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका ६ निकायले रू.२८ करोड ४२ लाख ७० हजार बजेट समर्पण गरेकोमा ५ निकायले रू.२७ करोड ९५ लाख ४६ हजार मध्ये पौष महिनासम्ममा रू.२५ करोड १६ लाख २६ हजार बजेट समर्पण गरेको छ। आर्थिक वर्षको पहिलो ६ महिना भित्रै बजेट समर्पण गर्नुले बजेट विनियोजन कमजोर रहेको देखियो। यथार्थपरक बजेट विनियोजन गरी बजेट परिचालन हुनुपर्दछ ।

८. **भौतिक पूर्वाधारको अवस्था -** प्रदेशमा सडक, हवाई यातायात, जलमार्ग झोलुङ्गे पुल, रज्जुमार्ग, केवलकार, उर्जा, जलविद्युत, बैकल्पिक उर्जा, सिँचाई, खानेपानी तथा सरसफाई, सूचना तथा संचार प्रविधि लगायत पुर्वाधार विकासका विभिन्न सूचकहरू विश्लेषण गर्दा प्रदेशको भौतिक पूर्वाधारको अवस्था निम्नानुसार रहेको छः

क्र. सं.	सूचक	२०७९।८० सम्मको सुदूरपश्चिम प्रदेशको स्थिति	२०७९।८० सम्मको राष्ट्रिय स्थिति	१५ औं योजनाको लक्ष्य २०८०।८१	दिगो विकासको लक्ष्य २०८६।८७	दिर्घकालीन सोच २१००।०१
१	सडक घनत्व (प्रति व.कि.मि)	०.२८	०.४५	०.७४	०.८५	१
२	विद्युतमा पहुँच (प्रतिशत)	७३.०	९५	१००	१००	१००
३	विद्युत उत्पादन (मेगावट)	१०८	२६६६	५८२०	१५०००	३५०००
४	इन्टरनेटमा पहुँच भएको घरधुरी संख्या (प्रतिशत)	२५.२	३७.८	८०	९५	१००
५	प्रतिव्यक्ति जिडिपी (अमेरिकी डलर)	१०६३	१३९९	१५९५	२९००	१२१००

स्रोतः सुदूरपश्चिम प्रदेश प्रथम आवधिक योजना र सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण २०७९।८०

राष्ट्रिय प्रगतिसँग तुलना गर्दा प्रदेशको भौतिक पूर्वाधारको अवस्था कमजोर देखिएको छ । मन्त्रालयले दिगो विकासको लक्ष्य र दीर्घकालीन सोच समेत प्राप्ति हुने गरी कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

९. **प्रगति विवरण -** मन्त्रालयले पेश गरेको २०७९।८० सम्मको समग्र लक्ष्य प्रगतिको अवस्था देहाय बमोजिम छ।

क्र.सं.	सूचक	एकाई	लक्ष्य	प्रगति स्थिति	प्रगति प्रतिशत
१	सिंचित क्षेत्रफल	हेक्टर	३४५००	३०८०७	८९.२९
२	प्रकोप र जोखिम सुरक्षा(तटबन्ध निर्माण)	किलोमिटर	२७०	२०९.२१	७७.४८
३	खानेपानी नथा सरसफाई (लाभान्वित जनसंख्या)	जना	४,२०,०००	३,४३,९९१	८१.९०
४	सहरी विकास तथा भवन निर्माण (जनता आवास इकाई समेत)	गोटा	४०००	३३८४	८४.६०
५	सडक (प्रादेशिक र स्थानीय)	किलोमिटर	३४७०	२९१३.४८	८३.९६
६	सडक पूल	गोटा	४६	३१	६७.३९
७	झोलुङ्गे पूल	गोटा	५१	३२	६१.५४

स्रोतः सुदूरपश्चिम प्रदेश प्रथम आवधिक योजना र सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण २०७९।८०

उपरोक्त विवरण अनुसार सडक पुल झोलुङ्गे पुल लगायतका पूर्वाधार विकासमा लक्ष्य अनुरुप प्रगति भएको देखिएन । लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

१०. **निर्माणाधिन पुलको क्षति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माणस्थलमा बन्ने संरचना तथा संरचनाको दिगोपना सम्बन्धमा हाइड्रोलोजी, भौगर्भिक अवस्था समेतको परीक्षण सहितको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, कैलालीले मोहना नदी माथी २५९ मिटर लामो खोनपुर झोलुङ्गे पुल १८ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७६।८।६ मा रू.२ करोड ३८ लाख ४३ हजारमा सम्झौता गरेको देखियो। कार्यालयले पुल निर्माण गर्न २०७९।३।२२ सम्म रू १ करोड ६६ लाख ९० हजार खर्च गरेकोमा पुलको ९ पिल्लर समेतका संरचना २०७९।४।१८ मा आएको बाढीबाट क्षति भएको जनाएको छ। संघीय शहरी विकास मन्त्रालय अन्तर्गतको पीटीएपी-टीबी इकाईको एक प्रतिनिधी सहितको टोलीले गरेको स्थलगत निरीक्षण प्रतिवेदनमा नदीको प्रकृति अध्ययन गर्दा बहुपिलरयुक्त ६०० मिटर लामो पुल आवश्यक पर्ने र नदी नियन्त्रण समेतमा धेरै लागत लाग्ने अवस्थाबाट ठेक्का रद्द गर्न सुझाव दिएको छ। पुल निर्माण अघिका आधारभुत विषयहरूको पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण हाल पुल बन्न सक्ने अवस्था नदेखिएकोले खरिद पुर्वका कार्य जिम्मेवारी पुर्वक भएको देखिदैन। अलपत्र रहेको पुल निर्माण कार्यको सम्बन्धमा सार्वजनिक खरिद कानुन बमोजिम आवश्यक निर्णय गर्नुपर्दछ।

११. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ तथा सम्झौताका शर्त अनुसार मूल्य समायोजनको भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसार बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा ३० दिन अगाडिको मितिलाई आधार मानी आधार सूचकाङ्क निर्धारण गर्ने र विल पेश भएको मितिले ३० दिन अगाडिको मितिलाई चालु सूचकाङ्क मानी मूल्य वृद्धि फ्याक्टर निर्धारण गर्नुपर्ने व्यवस्था छ । मूल्य समायोजन गणना गर्ने प्रयोजनका लागि आधार सूचकाङ्क निर्धारणमा फरक सूचाकाङ्क लिई पूर्वाधार विकास कार्यालय, बैतडीले सात ठेक्कामा रू.१३ लाख ५० हजार बढी भुक्तानी गरेको छ । बढि भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

१२. **ठेक्का व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लिखित अवधि भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, बैतडीले रू.१ अर्ब १६ करोड २३ लाख ८३ हजारमा सम्झौता गरेका ५ ठेक्काका लागि रू.१ अर्ब ४ करोड ८० लाख १७ हजार भुक्तानी भैसकेको अवस्थामा हाल म्याद थप नभई अधुरो रहेको पाईयो। सम्झौताको शर्त बमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न हुनुपर्दछ।

१३. **भेरियसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को कारण खुलाई भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, बैतडीले रू.६० करोड ६४ लाख ९५ हजारमा सम्झौता गरेको सडक स्तरोन्नति सम्बन्धी एक ठेक्कामा विभिन्न कारण देखाई आयोजनको संरचनामानै परिवर्तन आउने गरी रू.१२ करोड ९५ लाख ८२ हजार अर्थात २१.३६

प्रतिशत भेरियसन आदेश जारी गरेकोमा प्राविधिक समितिबाट पुष्ट्याई पेश गरेको देखिएन । कानुन बमोजिम भेरियसन आदेश जारी हुनुपर्दछ ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

१४. **सीमा वाहिरको कार्य -** संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाट तथा बर्गिकरण मापदण्ड, २०७६ मा जलस्रोत तथा सिँचाइ तर्फ संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र निर्धारण गरेको छ । जस अन्तर्गत पहाडी क्षेत्रमा कम्तिमा ५० हेक्टर देखि १०० हेक्टर सम्मको सिचाई सेवा पुर्याउने आयोजना मात्र प्रदेश तहबाट सञ्चालन हुने भनी मापदण्ड तोकेको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, अछामले यो वर्ष रू.६४ करोड ३० लाख ३ हजार खर्च गरेको १८६ योजना मध्ये १८५ योजना तथा डिभिजन कार्यालय, डडेल्धुराले रू.१८ करोड ५२ लाख ८२ हजार खर्च गरेको ९८ योजनाहरू मध्ये ८० योजनाहरू उल्लिखित मापदण्ड अनुरुप प्रदेश अन्तर्गतको कार्य सीमा भित्र परेको देखिएन । स्थानीय तहको कार्यक्षेत्र भित्र पर्ने स-साना योजनाहरू सम्बन्धित तहमा हस्तान्तरण गरी प्रदेशको कार्यालयले आफ्नो कार्यसीमा भित्रको योजना कार्यान्वयनमा केन्द्रित हुनुपर्दछ ।

१५. **उपभोक्ता समितिको योगदान -** सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन गर्दा आयोजनको लागि विनियोजन भएको कन्टिन्जेन्सी बाहेकको रकमको न्यूनतम १० प्रतिशत बराबरको श्रम कार्य वा सो बराबरको अन्य योगदान उपभोक्ता समितिको तर्फबाट उपलब्ध गराउनु पर्ने व्यवस्था छ। भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यलय, कैलालीबाट सञ्चालित ६२ योजनाहरूको कन्टीजेन्सी सहितको रू.२२ करोड ३ लाख ७८ हजार लागत अनुमान रहेकोमा प्रदेश कार्यविधि अनुसार उपभोक्ता समितिहरूको रू.१ करोड ९७ लाख ३७ हजार लागत सहभागिता रहनुपर्नेमा संघीय सिँचाई नीतिको प्रावधानलाई आधार लिई रू.४० लाख २९ हजार मात्र लागत सहभागिता भई रू.१ करोड ५७ लाख ८ हजार घटी लागत सहभागिता भएको छ । उपभोक्ता समिति मार्फत गरिने निर्माण कार्यमा लागत सहभागिताको सम्बन्धमा प्रदेशले जारी गरेको उल्लिखित कार्यविधि र संघीय सिचाई नीति, २०७० मा भएका व्यवस्थाहरूमा एकरुपता कायम हुनुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू

१६. **उपभोक्ता समितिको कार्य सीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटीले एक करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका रू.३३ करोड ८६ लाख १२ हजारका १३ योजना उपभोक्ता समितिबाट गरेको देखियो । नियमावलीले तोकेको सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१७. **पाइप र फिटिङ्ग समानको मौज्दात -** नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रमा पाईप खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यहोरा उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डडेल्धुराले जिल्लामा सञ्चालित खानेपानी आयोजनाहरूका लागि यो वर्ष रू.५ करोड ३७ लाख २ हजार मूल्यका पाईप तथा फिटिङ्गका सामाग्री खरिद गर्दा मूल्य नखुलाई राखेका पुरानो मौज्दातलाई ख्याल नगरी पुनः मौज्दातमा रहने गरी खरिद गरेको छ। कार्यालयले हाल सम्म खरिद गरेको पाइप र फिटिङ्गको सामानहरूको योजनागत विवरण अध्यावधिक गरेको छैन । पाइप र फिटिङ्गको मूल्य खुलाई योजनागत खाता अद्यावधिक गरी मौज्दात रहने गरी खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१८. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सोझै खरिद सम्बन्धी व्यवस्था छ। एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डडेल्धुराले २६ पटक गरी रू.२ करोड ४३ लाख १३ हजारको पाईप र फिटिङ्गका सामाग्री सोझै खरिद गरेको देखियो। नियमावलीको व्यवस्था प्रतिकुल हुने गरी सीमा भन्दा बढीको खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

शहरी विकास तथा भवन निर्माण कार्यालय

१९. **कार्यक्षेत्र वाहिरको कार्य -** संघ प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाट तथा बर्गिकरण मापदण्ड, २०७६ मा शहरी विकास तर्फ संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र तोकिएको छ । जस अन्तर्गत प्रदेश तहको सहरी पूर्वाधार निर्माण तथा सरकारी भवन निर्माण र आधुनिक बहुउद्देश्यीय सम्मेलन केन्द्रहरूको निर्माण सञ्चालन र मर्मत सम्भारको जिम्मेवारी प्रदेश तहको सहरी विकास तथा भवन निर्माण कार्यालयको जिम्मेवारीको रुपमा कार्यक्षेत्र तोकिएको छ। सहरी विकास तथा भवन निर्माण कार्यालय कैलालीले यो वर्ष निर्माण गरेका अधिकांश भवन तथा संरचनाहरू यस मापदण्डसँग मेल खाने प्रकृतिका देखिदैन । निश्चित प्रयोजन र उद्देश्य किटान नभएका विभिन्न राजनैतिक व्यक्तिहरूको नामका ११ भवन तथा संस्थाहरू, व्यक्तिहरू द्वारा संचालित १७ सहकारी भवनहरू, १२३ जातीय सामुदायिक भवनहरू, २ पत्रकार संघ तथा महासंघका भवनहरू जस्ता गैर सरकारी स्वामित्वका १५९ संरचनाहरू निर्माणमा रू.२५ करोड ७ लाख ७३ हजार गरी कूल पुँजिगत बजेटको ४७.११ प्रतिशत खर्च भएको देखियो । सोझै प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमविआइएस) मा प्रविष्ट भएका उल्लिखित गैर सरकारी भवन निर्माण योजनाहरू कार्यालयलाई प्राप्त कार्यक्षेत्र सँग प्रत्यक्ष सम्बन्ध भएको नदेखिनुका साथै उक्त कार्यमा भएको खर्च प्रति सम्बद्द योजना तथा कार्यक्रम तर्जुमामा संलग्न पक्षहरू वित्तीय रुपमा उत्तरदायी हुनु पर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये प्रदेश गौरवका आयोजनाहरूको कार्यान्वयलाई प्राथमिकतामा राखि बजेट व्यवस्थापन नगरेको, विकास कार्यक्रम तथा आयोजना बाँडफाँट तथा वर्गीकरण मापदण्ड

अनुसारको कार्यक्षेत्र भित्र रही निर्माण कार्य नगरेको, खरिद कानुन विपरीत भेरियसन र मूल्य समायोजन गरी भुक्तानी गरेको, खरिद सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न नभई निर्माण कार्य अधुरै रहेको लगायतका व्यहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजु** - सरकारी कार्यालयतर्फ ३२ निकायमा यो वर्ष रू.२१ करोड ९५ लाख ९२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.२ करोड ८४ लाख ३४ हजार फर्स्यौट भई रू.१९ करोड ११ लाख ५८ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्वन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका ३७ सरकारी कार्यालयको निम्नानुसार रू.४ अर्ब २५ करोड ८० लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१५०१८६	१६६०३	३००९६७	७९०२६२	४२५८०१८

२. **नीति तथा कार्यक्रम —** प्रदेशको २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा उद्घघोष भएका यस मन्त्रालयसँग सम्बन्धित व्यहोराहरूमध्ये प्राविधिक शिक्षातर्फका सामुदायिक विद्यालयमा छात्रा छात्रावास, प्रयोगशाला तथा पुस्तकालय निर्माण कार्यक्रमलाई विस्तार गर्ने, सबै अस्पतालमा सघन उपचार सेवा तथा मुख स्वास्थ्य सम्बन्धी सेवा विस्तार र सुदृढीकरण गर्ने तथा हिंसा पीडित महिलाको संरक्षण, कानुनी परामर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको लागि अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित बनाउने, विभिन्न निकायसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गरी प्रदेशलाई " सहयोगापेक्षी सडक मानवमुक्त" बनाउने, आवश्यक कानुनी तथा संरचनागत व्यवस्था गरी प्रदेश प्राविधिक विश्वविद्यालय सञ्चालनमा ल्याउने र कक्षा १० को अन्तिम परीक्षाको व्यवस्थापन तथा सञ्चालन गर्न प्रदेश परीक्षा वोर्ड स्थापना गर्ने लगायत नीति तथा कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा समावेश भएका व्यहोराहरू कार्यान्वयन गर्नुपर्दछ ।

३. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित ५८ कार्यहरू मध्ये प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड तयार गर्ने, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा गर्ने, लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने, संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा गर्ने, श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा गर्ने लगायतका कार्यहरू कार्यान्वयन भएको छैन । नियमावलीमा उल्लिखित कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

४. **बजेट कार्यान्वयन -** प्रदेश सरकारले पेश गरेको २०७९।८० को बजेट वक्तव्यमा उल्लिखित व्यहोरामध्ये यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये स्वास्थ्य बीमामा आवद्ध नभएका गरीब र असहाय विरामीको लागि प्रदेशका सबै अस्पतालबाट निश्चित मापदण्डका आधारमा सामाजिक सुरक्षा

कोष मार्फत पाँच हजार रुपैँयासम्मको स्वास्थ्य उपचार निःशुल्क उपलब्ध गराउने, छिटो छरितो एम्बुलेन्स सेवा उपलब्ध गराउन प्रादेशिक प्रेषणकक्ष सञ्चालनमा ल्याउने, सेती प्रादेशिक अस्पतालमा १० शैय्या, महाकाली प्रादेशिक अस्पतालमा ५ शैय्या र टिकापुर अस्पतालमा ३ शैय्या डायलाइसिस सेवा सञ्चालन गर्ने र युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यहरू कार्यान्वयन भएको देखिएन । बजेटमा समावेस भएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ ।

५. **सामाजिक विकासको अवस्था -** प्रदेशको सामाजिक क्षेत्र अन्तर्गतका शिक्षा, स्वास्थ्य र पोषण, जनसंख्या तथा बसाइँसराइ, महिला सशक्तिकरण तथा लैंगिक समानता, सामाजिक सुरक्षा र संरक्षण, भाषा, संस्कृति तथा पुरातत्व संरक्षण, युवा तथा खेलकुद लगायतका सामाजिक सांस्कृतिक सूचकहरूको अवस्था निम्नानुसार छ ।

क्र. सं.	सूचक	राष्ट्रिय स्थिति आ.व. २०७९।८०	सुदूरपश्चिम प्रदेशको स्थिति आ.व.०७९।८०
१.	साक्षरता दर (प्रतिशत)	७६.२	७६.२
२.	गरिबी (प्रतिशत)	१५.१	२४.६
३.	बहुआयमिक गरिबी (प्रतिशत)	१७.४	२५.३
४.	सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको (जनसंख्या)	३६,८३,६५८	४,२९,५३८
५.	मानव विकास सूचाकांक	०.६०२	०.५४७

स्रोतः सुदूरपश्चिम प्रदेश प्रथम आवधिक योजना र सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण २०७९।८०

राष्ट्रिय सूचकको तुलनामा सुदूरपश्चिम प्रदेशको सामाजिक अवस्थाको स्थिति कमजोर रहेको देखियो । दिगो विकासको लक्ष्य र राष्ट्रिय विकास लक्ष्यसँग समन्वय हुने गरी प्रदेशका सामाजिक विकासका कार्यक्रमहरू कार्यान्वयनमा लैजानु पर्दछ ।

६. **अनुदान वितरण -** आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायबाट प्रदान गरिने अनुदानको प्रभावकारिता वृद्धि गर्न अनुदानलाई उत्पादन र प्रतिफलसँग आवद्ध गर्दै एउटै व्यक्ति, फर्म, संस्थालाई दोहोर्याएर अनुदान नदिने कुराको मार्गदर्शन गर्ने गरी एकीकृत अनुदान नीति तर्जुमा गरिने व्यहोरा उल्लेख छ। बजेट वक्तव्यमा उल्लेख भएअनुसार एकीकृत अनुदान नीति तथा कानुन निर्माण नगरी मन्त्रालयले यस आर्थिक वर्षमा ३० सामुदायिक क्याम्पसलाई रू.५ लाखका दरले रू.१ करोड ५० लाख, प्राविधिक शिक्षा र विज्ञान विषय पठनपाठन हुने १२ विद्यालयलाई रू.१० लाखका दरले रू.१ करोड २० लाख, ८८ नमुना बालविकास केन्द्रलाई रू.१ लाख ५० हजारका दरले रू. १ करोड ३२ लाख, ९ क्याम्पसलाई रू.९ लाखका दरले रू.८१ लाख तथा प्राविधिक शिक्षा र विज्ञान विषय पठनपाठन हुने ४ क्याम्पसलाई रू.२० लाखका दरले रू. ८० लाख समेत रू.५ करोड ६३ लाख अनुदान वितरण गरेको देखियो । नागरिकको हित अनुरुप दिगो उपयोग तथा राजश्वमा समेत योगदान हुने गरी अनुदान वितरण हुनुपर्दछ।

७. **छात्रवृत्ति वितरण -** एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०७६ बमोजिम मन्त्रालयले छात्रा छात्रवृत्ति, दलित तथा जनजाति छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, प्राविधिक डिप्लोमा छात्रवृत्ति तथा चिकित्सा शिक्षा अध्ययनका लागि निम्नानुसार छात्रवृत्ति वितरणमा गरेको छ ।

विबरण	संख्या	रकम रू. (हजारमा)
एम.बी.बी.एस अध्ययनरत (प्रति व्यक्ति रू.१० लाखका दरले)	१८	१८०००
उच्च शिक्षा छात्रवृत्ति (छात्रा दलित तथा जनजाति)	४४	११००
प्राविधिक डिप्लोमा छात्रावृत्ति	१४	७००
अपांगता छात्रवृत्ति	३	७५
बादी समुदायका विद्यार्थीलाई छात्रवृत्ति	७७१	१३४५२
जम्मा		**३३३२७**

चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धमा एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ मा चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति अन्तर्गत चिकित्सा शिक्षा आयोगबाट प्रदेशभित्रका दलित, आदिवासी जनजाति, सीमान्तकृत, लोपोन्मुख समुदाय, पिछडिएको क्षेत्र जेहेन्दार विद्यार्थीलाई प्राथमिकताका साथ छात्रवृत्ति वितरण गरिने, छनोट भएका विद्यार्थीहरूले प्रमाण पेश गरेपछि सम्बन्धित शैक्षिक संस्थाको खातामा छात्रवृत्ति रकम उपलब्ध गराईने, छात्रवृत्तिका लागि छनोटको आधार तोकिएबमोजिम हुने लगायतका व्यवस्थाहरू रहेका छन् ।मन्त्रालयले यो वर्ष एम.बि.बि.एस अन्ययनरत विद्यार्थीलाई रू.१० लाख अनुदान रकम भुक्तानी गर्दा निर्देशिका बमोजिम शैक्षिक संस्थाको बैंक खातामा रकम दाखिला नगरी विद्यार्थीकै खातामा दाखिला गरेको पाईयो। छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा दलित, आदिवासी जनजाति, सीमान्तकृत, लोपोन्मुख समुदाय तथा पिछडिएको क्षेत्रका विद्यार्थीहरू प्राथमिकताका आधारमा छनोट हुनुपर्नेमा छनोट भएका ९ विद्यार्थी उल्लिखित समुदाय भन्दा अन्य समुदायका रहेको देखियो । यस्तो कार्यक्रमले लक्षित समुदायका छात्रछात्रालाई विद्यालय तह र उच्च शिक्षामा अध्ययन गर्न उत्प्रेरित गरे नगरेको सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । छात्रवृत्तिले पारेको प्रभाव अध्ययन गरी लक्षित समुदायका छात्रछात्रालाई सशक्तिकरण गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ।

८. **अनुगमन मूल्याङ्कन** - मन्त्रालयबाट यस वर्ष अनुगमन मूल्याङ्कनमा रू.५३ लाख ४८ हजार खर्च गरेको छ । अनुगमन तथा मूल्याङ्कन भएको स्पष्ट आधार प्रमाण बेगर भ्रमणका व्यहोरा उल्लेख गरी प्रतिवेदन दिएको आधारमा अनुगमन तथा मूल्याङ्कन वापतको भ्रमण भत्ता तथा अन्य खर्च गरेको देखियो।आवश्यक पुष्ट्याईको आधारमा अनुगमन तथा मूल्याङ्कनमा खर्च गर्नुपर्दछ ।

९. **मन्त्रालयबाट ठेक्का व्यवस्थापन** – सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा सामाजिक विकास मन्त्रालयको कार्य अन्तर्गत प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने उल्लेख छ । उक्त नियमावलीमा उल्लेख भए बमोजिम मन्त्रालय नीति निर्माणमा संलग्न हुनुपर्नेमा विभिन्न क्याम्पस भवन, अस्पताल भवन लगायतका संरचना निर्माणका लागि कुल रू.७२ करोड २२ लाख ४३ हजार भुक्तानी दिने गरी सम्झौता गरेका दश ठेक्काको कार्य मन्त्रालयबाट भएको पाइयो ।निर्माण सम्बन्धी कार्य मन्त्रालयको मातहत कार्यालयबाटै गराउने व्यवस्था गरी मन्त्रालय नीति निर्माण तथा अनुगमन मूल्याङ्कन कार्यमा केन्द्रित हुनुपर्छ ।

सेती प्रादेशिक अस्पताल

१०. **उपकरणको उपयोग -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २० मा विनियोजित बजेट निर्धारित कार्यको लागि खर्च गर्नुपर्ने उल्लेख छ । अस्पतालबाट प्राप्त विवरण अनुसार बिगतमा कोभिड-१९ उपचारको लागि प्रति बेड रू.२ लाख ६० हजारका दरले खरिद गरेका रू.१ करोड ८७ लाख २० हजार मूल्यका अत्याधुनिक ७२ थान र ईन्टेन्सिव केयर भेण्टिलेटर २ थान प्रयोग बिहिन अबस्थामा रहेको पाइयो । खरिद गरेका उकरणहरू प्रयोगमा ल्याउनु पर्दछ।

११. **लागतमा वृद्धि-** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिदमा स्वच्छता, ईमान्दारिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्नुपर्ने उल्लेख छ । अस्पतालले एम.आर.आई. मेसिन र सी.टी. स्क्यान मेसिन खरिदको लागि दुई आपूर्तिकर्तासँग २०७८।९।२३ सम्ममा काम सम्पन्न गर्ने गरी अमेरिकी डलरमा भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा तोकिएको अबधिमा काम सम्पन्न नभएकोले विनिमय दरका कारण सम्झौतामा तोकिएको रकम भन्दा सी.टी. स्क्यान मेसिन खरिदमा थप रू.४३ लाख ८६ हजार ५०० भुक्तानी भएको देखियो । त्यसैगरी एम.आर.आई मेसिन खरिद कार्य शुरु सम्झौतामा तोकिएको मिति २०७८।९।२३ भित्र सम्पन्न नभई म्याद थप सहितको कारणले २०८० असार मसान्तसम्ममा थप रू.१ करोड ५० लाख ४७ हजार समेत उल्लिखित २ सम्झौताबाट रू.१ करोड ९४ लाख ३४ हजार बढि व्ययभार परेको छ । सम्झौता अनुसार सामाग्री आपूर्ती गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१२. **भुक्तानीमा कर कट्टी -** आयकर ऐन,२०५८ को दफा ८९(३) कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गतको कुनै गैर बासिन्दा व्यक्तिलाई भएको भुक्तानीमा ५ प्रतिशतले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । अस्पतालले सि.टी. स्क्यान मेशिन खरिदको लागि अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरी नेपालमा दर्ता भएको एक प्रा. लि. सँग २०७७।७।२५ मा अमेरीकी डलर ५ लाख ४९ हजार (तत्कालीन विनिमय दर अनुसार हुने रू.६ करोड ४६ लाख ८८ हजार) मा सम्झौता भएको देखियो। गत वर्ष रू.७ करोड ८ लाख २८ हजारको एल.सी. पेश्की देखाएकोमा यो वर्ष उक्त पेश्की फस्यौंट भएको छ । मिति २०७९।७।३० मा तयार भएको पोस्ट ईन्स्पेक्सन रिपोर्ट अनुसार उक्त मेसिन प्राप्त गरी एल.सी. मार्फत रू.६ करोड ९५ लाख ६५ हजार गैर बासिन्दालाई भुक्तानी भएकोमा ऐनको व्यवस्था अनुसार ५ प्रतिशतले हुने कर कट्टि गर्नुपर्नेमा कट्टी गरेको नदेखिएकोले सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिबाट रू.३४ लाख ७८ हजार असुल गर्नुपर्दछ ।

१३. **हेमोडाइलासिस सेवा -** अस्पताल र एक हेल्थ केयर प्रा.लि. बीच सम्झौता भई २०७५ ज्येष्ठबाट हेमोडाइलासिस सेवा सञ्चालन भएकोमा यस आर्थिक वर्षमा २७७ विरामीलाई वार्षिक न्यूनतम प्रतिव्यक्ति १ पटक देखि ११५ पटकसम्म गरी जम्मा १२ हजार ८५४ पटक डाइलायसिस सेवा र २०८० जेठदेखि ३४७ पटक सेरो पोजेटिभलाई डाइलायसिस सेवा दिएको छ ।उक्त सेवा वापत प्रतिव्यक्ति प्रति डाइलायसिस प्रति सेसन रू.२ हजार ५ सय र सेरो पोजेटिभलाई रू.४ हजारको दरले रू.३ करोड ३५ लाख १४ हजार खर्च भएकोमा रू.२ करोड ७३ लाख ४५ हजार स्वास्थ्य सेवा विभागबाट सोधभर्ना प्राप्त भई रू.६१ लाख ६८ हजार ५ सय सोधभर्ना प्राप्त हुन बाँकी रहेको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रदेश सरकार कार्यविभाजन नियमावलीमा उल्लिखित यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूमध्ये एकीकृत अनुदान नीति तर्जुमा नभएको, छात्रवृत्ति वितरणको अनुगमन नभएको लगायतका व्यहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहतका ४८ निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन्:

➢ सरकारी कार्यालयतर्फ ३७ निकायमा रू.२ करोड २८ लाख ७६ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.१ लाख ४४ हजार फर्स्यौंट भई रू.२ करोड २७ लाख ३२ हजार बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।

➢ समिति तथा अन्य संस्थातर्फ ११ निकायमा रू.७ करोड ६४ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.३० हजार फर्स्यौंट भई रू.७ करोड ६४ लाख ४९ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, कार्यलाई लक्ष्य उन्मूख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रित बनाउन सल्लाह र सुझाव दिनका लागि यो आयोगको गठन भएको छ ।

१. **सरकारी कार्यालय -** यस आयोगको निम्नानुसार रू.२ करोड १४ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२१००२	०	०	४६७	२१४६९

२. **आवधिक योजना कार्यान्वयन -** प्रदेशको प्रथम आवधिक योजना २०७८।७९-२०८२।८३ मा योजना अवधिको अन्त्य सम्म हासिल हुनेगरी प्रदेशको आत्मनिर्भरताका २१ सूचक र समृद्धिका २० सूचकहरू निर्धारण गरेको छ ।

२.१. आवधिक योजना अनुसारको प्रगतिको समीक्षा नभएता पनि निम्नानुसार क्षेत्रमा यो वर्षसम्म हासिल गर्ने गरी लिइएका लक्ष्यहरू हासिल भएको देखिएन ।

आवधिक योजनाको लक्षित क्षेत्र	२०७९।८० मा लिइएको लक्ष्य	प्रगति
आर्थिक बृद्धि दर (प्रतिशत)	१०.५	१.७८
पूँजीगत बजेट प्रक्षेपण (प्रतिशत)	७८	६५.७२
कुल पूँजीगत खर्च (करोड)	२४१५	१५८१
बहुआयामिक गरिवीमा रहेको जनसंख्या (प्रतिशत)	२२	२५.३
प्रमुख अन्नबाली धान गँहु मकै कोदो र जौ उत्पादन (मेट्रिक टन)	१३५१४६८	१०९२७२५
अस्पताल (संख्या)	३८	१५
प्रदेशको कुल कालोपत्रे सडक (कि.मि.)	४००	३९९
सिचाई पुगेको जमिनको क्षेत्रफल (हेक्टर)	३४५०	८९२
विद्युतको पँहुच प्राप्त जनसंख्या (प्रतिशत)	७५	७३

स्रोतः सुदूरपश्चिम प्रदेश प्रथम आवधिक योजना, मन्त्रालयगत प्रगति प्रतिवेदन र सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण २०७९।८०

प्रत्येक वर्ष आवधिक योजनाले तय गरेका लक्ष्यको समीक्षा गरी सोही अनुरुप नीति तथा कार्यक्रम र बजेट व्यवस्थापन हुनुपर्दछ ।

२.२. आयोगले चालु खर्च रू.७९ अर्ब समेत कुल रू.२ खर्ब ५५ अर्ब ३० करोड कुल खर्च गर्ने गरी प्रथम पञ्चवर्षीय योजना २०७८।७९-२०८२।८३ लागू गरेको छ । योजनाको पहिलो वर्षमा रहेको ३.६ को वार्षिक आर्थिक बृद्धिलाई योजनाको अन्त्यमा १०.५ पुर्‍याउने र प्रति व्यक्ति राष्ट्रिय आय ९१८ (अमेरिकी डलर) बाट १७१५ पुर्याउने लक्ष्य निर्धारण गरेको छ । प्रदेश सरकारले सरोकारवाला सबै पक्षसँगको समन्वयबाट पहिलो पञ्चवर्षीय योजनाले निर्धारण गरेका लक्ष्यहरू पुरा हुनेगरी कार्य सम्पादन व्यवस्थित गर्नुपर्दछ।

२.३. आयोजना कार्यान्वयनमा लैजानु पूर्व आयोजनाको उद्देश्य, क्षेत्र, कार्यान्वयन अवधि, निर्माण लागत, सञ्चालन लागत, लागत व्यहोरिने श्रोत, प्राप्त हुने प्रतिफल लगायतका व्यहोरा खुलाउनु पर्नेमा सो प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट विनियोजन गरेको छ । प्रदेश नीति तथा योजना आयोग तथा राष्ट्रिय योजना आयोगले तर्जुमा गरेका योजना तर्जुमा तथा दिग्दर्शनको व्यवस्था अनुरुप योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गर्नुपर्दछ ।

३. **आयोजना वर्गीकरण र आयोजना बैंक -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा १९ मा प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा प्रदेश सरकारले गर्ने, आयोगमा प्रदेश स्तरको एक आयोजना बैङ्क रहने र उक्त बैङ्कमा तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्ट गराउनु पर्ने व्यवस्था छ । प्रदेशले आयोजना वर्गीकरण सहित योजना बैङ्क तयार गरेको छैन । तोकिएबमोजिम आयोजना बैक तयार गरी प्रदेशको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्याउने योजनालाई प्राथमिकरण गरी कार्यान्वयन गर्न आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

४. **दिगो विकास लक्ष्य -** आयोगले दिगो विकासका लक्ष्यहरूको आधार सूचकांक तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्नु पर्दछ भनि गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत रहेको छ । दिगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी अनुगमन सूचकहरू निर्धारण गर्ने र ती सूचकको आधारमा अनुगमन गरी योजना कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्नुपर्दछ ।

५. **मध्यमकालीन खर्च संरचना -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ६(१) मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा अघि योजना आयोगले आगामी तीन वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने, यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने, मार्गदर्शनको रुपमा लिँदा खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७९।८० मा निर्माण गरेको मध्यमकालीन खर्च संरचना बमोजिम आगामी तीन वर्षमा क्रमशः रू.२९ अर्ब २६ करोड ५९ लाख, रू.३२ अर्ब १९ करोड २५ लाख र रू.३५ अर्ब ४१ करोड १७ लाख खर्चको प्रक्षेपण गरेकोमा आम्दानीको सुनिश्चितता गरेको छैन। मध्यमकालीन खर्च संरचना तयार गर्दा आम्दानी र खर्च प्रक्षेपणबीच सन्तुलन कायम हुने गरी आवधिक योजनासँग तादाम्यता कायम गरेको देखिएन। तसर्थ, मध्यमकालीन खर्च संरचना र आवधिक योजनाबीच तादाम्यता कायम गरी सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका उपायहरू अवलम्बन गर्नुपर्दछ।

६. **प्रदेश विकास समस्या समाधान समिति-** प्रदेश स्तरमा रहेका विकास सम्बन्धी समस्या समाधान गर्ने प्रयोजनार्थ प्रदेश विकास समस्या समाधान समितिको गठन भएको हो । यो समितिको बैठक प्रत्येक त्रैमासिक अवधि समाप्त भएपछि अर्को महिनाको अन्तिम हप्ताभित्र बस्ने र विभिन्न निकायबाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गरी अनुगमन समेत गर्ने व्यवस्था रहेको छ । यो वर्ष

समितिको बैठक बसेको देखिएन । प्रदेशको साझा समस्या समाधान गर्न र विकासका गतिविधिहरूलाई व्यवस्थित गर्न समितिको नियमित बैठक बसी निर्णय कार्यान्वयनको सम्बन्धमा अनुगमन समेत हुनुपर्दछ ।

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनाले तय गरेका लक्ष्यको समीक्षा नगरेको, मध्यमकालीन खर्च संरचना र आवधिक योजनाबीच तादाम्यता कायम नगरेको, दिगो विकासका सूचक र लक्ष्यहरूलाई आन्तरिकीकरण गरी अनुगमन सूचकहरू अनुसार अनुगमन नगरेको, आयोजना बैंक तयार गरी योजनालाई प्राथमिकताका आधारमा कार्यान्वयन नगरेको, लगायतका व्यहोरा औँल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।

प्रदेश लोक सेवा आयोग

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत बनाउन प्रदेश लोकसेवा आयोग ऐन, २०७६ बमोजिम यस आयोगको स्थापना भएको छ।

१. **सरकारी कार्यालय** - आयोगको निम्नानुसार रू.१० करोड ८२ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५८८०८	४९४५९	१४	०	१०८२८१

२. **कानुन बमोजिमको कार्य** - प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १० को उपदफा (२)(ग) अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी तथा संगठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा परामर्श लिनुपर्ने व्यवस्था भए तापनि परामर्श नलिई कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका, गौरीगंगा नगरपालिका र डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका लगायतका स्थानीय तहहरूले कर्मचारी बढुवा गरेको देखियो । प्रदेश लोक सेवा आयोगले तोकेको प्रक्रिया पुरा गरेर मात्र नियुक्ति, बढुवा र विभागीय कारवाहीको प्रक्रिया सञ्चालन सम्बन्धमा आयोगबाट अनुगमन हुनुपर्दछ।

३. **वार्षिक लक्ष्य तथा प्रगति** - आयोगको आर्थिक वर्ष २०७८।७९ को पदपुर्ति सम्बन्धी वार्षिक तालिका अनुसार विभिन्न पदको लागि विज्ञापन गरी सिफारिस गर्ने लक्ष्य रहेकोमा वन रक्षक, प्राविधिक सहायक, अ.न.मी.बैद्य, ल्याब असिस्टेन्ट, अ.हे.व., कोल्डचेन असिस्टेन्ट, सव इन्जिनियर लगायतका १२ पदमा ४५७ दरबन्दीको लागि विज्ञापन गरी दरखास्त लिएकोमा २०७९।८० मा मात्र परीक्षा संचालन तथा सिफारिस गरेको छ। त्यस्तै गरी २०७९।०८० मा विज्ञापन र परीक्षा संचालन भई ९ पदको १७७ माग पद संख्याको नतिजा प्रकाशन हुन बाँकी र १४ पदको ४५७ माग पद संख्याको लिखित परीक्षा संचालन हुन पनि बाँकी रहेको देखिन्छ । आयोगले वार्षिक कार्यतालिका अनुसार कार्य सम्पादन गरी तोकिएको लक्ष्य प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ।

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा स्थानीय तहहरूले तोकेको प्रकृया पुरा गरेर नियुक्ति बढुवा र विभागीय कारबाहीको प्रकृया सञ्चालन गरेको सम्बन्धमा आयोगले अनुगमन नगरेको, वार्षिक कार्यतालिका अनुसार कार्यसम्पादन गरी प्रगति हासिल नगरेको लगायतका व्यहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले नेपालको संविधानको धारा १६० बमोजिम यस कार्यालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** कार्यालयको निम्नानुसार रू.२ करोड ९० लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८५४६	३९	४४४	०	२९०२९

२. **मुद्दाको स्थिति** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फवाट गत वर्षको बाँकी ५५ र यो वर्ष थप भएका २८ समेत ८३ मुद्दा मध्ये सर्वोच्च अदालतमा ५८, उच्च अदालतमा १९ र जिल्ला अदालतमा ६ मुद्दासम्बन्धी लिखित जवाफ प्रस्तुत गर्ने,वहस पैरबी गर्ने, प्रतिरक्षा गर्ने, निवेदन मस्यौदा गर्ने समेतका कार्य सम्पादन भएकोमा सो मध्ये ७ मुद्दा फस्यौंट भई ७६ मुद्दा बाँकी रहेका छन् ।

३. **कानुनी राय**- नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने संवैधानिक एवं कानुनी व्यवस्था गरेको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकारले तोके अनुसारको राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने उल्लेख भएअनुसार यस वर्ष कार्यालयले जम्मा ७ कानुनी राय उपलब्ध गराएको विवरण पेश गरेको छ ।

४. **संस्थागत सुशासन तथा नीति निर्माण -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ ले प्रदान गरेको कानूनी अधिकारको प्रयोग गरी कानुन व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका, वहस पैरवी तथा प्रतिरक्षा निर्देशिका, कानुनी राय सम्बन्धी निर्देशिका, मुख्य न्यायाधिवक्ताको कार्यालयको कर्मचारीको आचारसंहिता, फैसला अनुगमन निर्देशिका, बाल सुधार गृह अनुगमन निर्देशिका, हिरासत तथा कारागार अनुगमन निर्देशिका, उजूरी, गुनासो तथा सुझाव व्यवस्थापन निर्देशिका र मुख्य न्यायाधिवक्ताको कार्यालयको कार्य विवरण तथा सञ्चालन लगायतका निर्देशिकाहरू तयारीका क्रममा रहेका छन् । कार्यक्षेत्र अन्तर्गतका आवश्यक निर्देशिकाहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा कानुनी राय, बाँकी रहेका मुद्दा फस्यौंटको अवस्था लगायतका व्यहोरा औंल्याईएकोमा स्थिति सुधार भएको छैन। विगतको व्यहोरा पुनरावृत्ति नहुनेगरी कार्य सम्पादन गर्नुपर्दछ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा साझा अधिकारको व्यवस्था भए अनुसार कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता

आउनसकेको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ८८ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रू.७ अर्ब ३६ करोड २४ लाख र यो वर्षको आय रू.५६ अर्ब ९९ करोड २ लाख मध्ये रू.५८ अर्ब २९ करोड ३६ लाख खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.३२ अर्ब ३६ करोड ६७ लाख, पूँजीगत खर्च रू.१३ अर्ब ९१ करोड ७४ लाख र वित्तीय तथा अन्य खर्च रू.१२ अर्ब ९५ लाख गरी रू.६ अर्ब ५ करोड ९० लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रकम रू. लाखमा)

क सं	विवरण	संख्या	शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पूँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
१	उप महानगरपालिका	१	४९७६	१०१७५	२९१	३६१५	२७९२	५८६४	२२७३९	९६१२	६८५८	६४२१	२२८९२	४८२३
२	नगरपालिका	३३	४७२५७	१५५९२०	५४९६	३४६६५	८२३४	६४७३१	२६९०५६	१५५६४९	६२६७५	६१७०५	२८००२८	३६२८५
३	गाउँपालिका	५४	२१३९१	१७२८९७	७०८१	३८४२९	२८७९	५६८२०	२७८१०७	१५८४०६	६९६४१	५१९६८	२८००१६	१९४८२
	जम्मा	**८८**	**७३६२४**	**३३८९९२**	**१२८६८**	**७६७२०**	**१३९०५**	**१२७४१५**	**५६९९०२**	**३२३६६७**	**१३९१७४**	**१२००९५**	**५८२९३६**	**६०५९०**

(उपरोक्त संघीय र प्रदेश अनुदान रकममा अन्तरसरकारी अख्तियारीको रकम समेत समावेश छ।)

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	समानीकरण	१०८५४५००	७६४०००	११६१८५००	१००५१७३४	७६४०००	१०८१५७३४
२	सशर्त	२३५२७२३१	११४४५०	२३६४१६८१	२३०६५१३६	९८२२२	२३१६३३५८
३	विशेष	१२६२३००	२५००००	१५१२३००	१०३१९८४	२०८३९८	१२४०३८२
४	समपुरक	९७६३००	३५००००	१३२६३००	६२८११४	१९७६५४	८२५७६८
	जम्मा	**३६६२०३३१**	**१४७८४५०**	**३८०९८७८१**	**३४७७६९६८**	**१२६८२७४**	**३६०४५२४२**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ९४.९७ प्रतिशत तथा प्रदेश सरकारबाट ८५.७८ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ८८ स्थानीय तहको २०७९।८० को कुल आन्तरिक आय रू.१ अर्ब ३९ करोड ५ लाख रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजश्व क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। सुदूरपश्चिम प्रदेशमा रहेका ८८ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रू.३२ अर्ब ३६ करोड ६७ लाख (५५.५३ प्रतिशत), पूँजीगत खर्च रू.१३ अर्ब ९१ करोड ७४ लाख (२३.८७ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रू.१२ अर्ब ९५ लाख (२०.६० प्रतिशत) खर्च रहेको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ८८ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ५ हजार ९०१ दफा र लगति ६ हजार ७१७ दफाबाट रू.२ अर्ब ५६ करोड ४२ लाख ३४ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिकृयाबाट रू.२१ करोड ५५ लाख २ हजार बेरुजु फर्स्यौट भई रू.२ अर्ब ३४ करोड ८७ लाख ३२ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रकम रू. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**२६७३७४**	**११.३८**
२. नियमित गर्नुपर्ने	**१८१०९६७**	**७७.११**
२.१ अनियमित भएको	७३४६४२	३१.२८
२.२ प्रमाण कागज पेस नभएको	१०४१२९९	४४.३३
२.३ शोधभर्ना नलिएको	३५०२६	१.४९
३. पेश्की	**२७०३९१**	**११.५१**
जम्मा बेरुजु	**२३४८७३२**	**१००**

द्रष्टव्यः १. उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ ।

(रकम रू. हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेश्कीसमेत बेरुजु	बेरुजुमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेश्की बाहेक बेरुजु प्रतिशत
१	उप महानगरपालिका	१	४५६३१०५	२५६३६	१७९७	०.५६	०.५२
२	नगरपालिका	३३	५४९०८४५५	१०३०८८६	१०३२८०	१.८८	१.६९
३	गाउँपालिका	५४	५५८१२२६९	१२९२२१०	१६५३१४	२.३२	२.०२
जम्मा		**८८**	**११५२८३८२९**	**२३४८७३२**	**२७०३९१**	**२.०४**	**१.८०**

यस सम्बन्धी विस्तृत विवरण अनुसूची-१४ मा समावेश छ।

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य वेहोरा देहाय अनुसार छन्:

- **कानुन निर्माण तथा परिपालना** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुन व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत वेहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजश्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजश्व बाँडफाँट नगरेको लगायत वेहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** - आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेश्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत वेहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेश्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

  स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रू.१४ अर्ब ९९ करोड ४५ लाख ६६ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.१ अर्ब १० करोड ५ लाख ७ हजार फर्स्यौंट भई रू.१३ अर्ब ८९ करोड ४० लाख ५९ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रू.२ अर्ब ३४ करोड ८७ लाख ३२ हजार समेत रू.१६ अर्ब २४ करोड २७ लाख ९१ हजार बेरुजु बाँकी रहेको छ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फस्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ।स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फस्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फस्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ३८(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । महालेखापरीक्षकको पहिलो वार्षिक प्रतिवेदन, २०७५, चौथो वार्षिक प्रतिवेदन, २०७९ र पाँचौ वार्षिक प्रतिवेदन, २०७९ प्रदेश सभामा पेस नभएको तथा दोस्रो वार्षिक प्रतिवेदन २०७७ र तेस्रो वार्षिक प्रतिवेदन, २०७८ प्रदेश सभामा पेस भएको जानकारी प्राप्त भएको छ। वार्षिक प्रतिवेदन, २०७७ उपर सार्वजनिक लेखा समितिमा मिति २०७९।३।२६ देखि २०७९।५।१४ मा छलफल सम्पन्न भएको छ। अन्य प्रतिवेदन उपर समयमै छलफल गरी कार्यान्वयन गर्नुपर्दछ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १४३ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रू.३० करोड ८७ लाख ७२ हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा प्रतिक्रियाबाट रू.३ करोड २१ लाख २१ हजार फर्स्यौंट भई रू.२७ करोड ६६ लाख ५१ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १८ निकायको रू.९ करोड ९७ लाख ७० हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा प्रतिक्रियाबाट रू.३० हजार फर्स्यौंट भई रू.९ करोड ९७ लाख ४० हजार बेरुजु बाँकी रहेको छ ।

   गत वर्ष प्रदेश सरकारी निकाय र समिति तथा अन्य संस्थाको रू.२ अर्ब ३९ करोड १९ लाख ६० हजार बेरुजु रहेकोमा यो वर्ष रू.८ करोड ५४ लाख २२ हजार सम्परीक्षण भई रू.२ अर्ब ३० करोड ६५ लाख ३८ हजार बेरुजु बाँकी रहेको छ । बाँकी बेरुजु कानुन बमोजिम असुल फर्स्यौंट गर्नुपर्दछ।

३. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण** - प्रदेश सरकारको कार्य जिम्मेवारी पुरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सो को कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोत साधन व्यवस्थापन गरी अनुगमनसमेत गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा** - प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूचीअनुसारका आवश्यक सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

३. **कानुन कार्यान्वयन** - प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानुन पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

४. **सेवा/सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनअनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

संगठन तथा मानव संसाधन व्यवस्थापन

५. **मानव संशाधन व्यवस्थापन** - प्रदेश तहमा यथासमयमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माणलगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

६. **संगठन संरचना** - संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

७. **सेवा प्रवाह सार्वजनिक** - सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

संघीयता कार्यान्वयन

८. **अन्तरतह समन्वय -** नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने व्यवस्था छ । विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

९. **प्रदेश समन्वय परिषद् -** प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

बजेट व्यवस्थापन

१०. **बजेट तर्जुमा -** क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

११. **बजेट अनुशासन -** पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमासमेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१२. **विनियोजन दक्षता -** बजेटअनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजनाअनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१३. **अनुदान उपयोग -** उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धनलगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परीपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गरिनुपर्दछ ।

१४. **चालु खर्च नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ ।

१५. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रम व्यवस्थापन

१६. **आयोजना व्यवस्थापन -** प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट

बीच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्दछ ।

१७. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन** - संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसंग आबद्ध गर्नुपर्दछ ।

खरिद व्यवस्थापन

१८. **नर्म्स** - निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक गर्नुपर्दछ । साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

१९. **खरिद सम्झौता कार्यान्वयन** - खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

२०. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२१. **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिँदा यस्तो परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२२. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । सम्पन्न आयोजनाको प्रभावसमेत मूल्याङ्कन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार विकास

२३. **पूर्वाधार विकास** - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थान निर्क्यौल गरी भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२४. **जोखिम न्यूनीकरण** - विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकंलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

२५. **सम्पत्ति व्यवस्थापन** - संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ ।

राजस्व परिचालन

२६. **आन्तरिक राजस्व** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्कलगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। कानुन बमोजिम तहगत अधिकार क्षेत्रमा पर्ने कर प्रशासन सोहि बमोजिम हुने व्यावस्था गर्नुपर्दछ ।

२७. **विभाज्य कोष** - संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ ।

वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

२८. **आन्तरिक लेखापरीक्षण** - आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यात्मक स्वतन्त्रता र सक्षमता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ ।

२९. **आचारसंहिता पालना** - सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसायलगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३०. **प्रतिवेदन कार्यान्वयन** - आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका व्यहोराको सम्बन्धमा सयममै कारबाहीको टुङ्गो लगाई आर्थिक अनुशासन कायम गर्नु, गराउनु पर्दछ ।

३१. **अनुगमन र मूल्याङ्कन** - प्रदेशको वित्तीय प्रशासन र आर्थिक अनुशासन सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्तअनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार) २०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालयको सङ्ख्या	बेरुजु
१	प्रदेश सभा सचिवालय	१	१	१६७२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	९०६१
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	११४३
४	आर्थिक मामिला मन्त्रालय	११	१	३६९
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८	१९	२४३०७
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३०	२४	२६२०९
७	भौतिक पूर्वाधार विकास मन्त्रालय (१ बक्यौता सहित)	३१	२७	१९११५८
८	सामाजिक विकास मन्त्रालय	३७	२०	२२७३२
९	प्रदेश नीति तथा योजना आयोग	१	०	०
१०	प्रदेश लोक सेवा आयोग	१	०	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
	जम्मा	**१४३**	**९४**	**२७६६५१**

